# परिच्छेद : १

# शोध-परिचय

## १.१ विषय प्रवेशः

विश्वका पर्यटकहरूका लागि आकर्षणको केन्द्र एवं नेपालको सुन्दर र रमणीय निधि पोखरा उपत्यका २८° ०७' उत्तरदेखि २८° २०' उत्तरी अक्षांश र ८३° ५०' पूर्वदेखि ८४° १२' पूर्वसम्म फैलिएको एक विवर्तनिक उपत्यका (Tectonic valley) हो (कास्की जिल्लाको वस्तुगत विवरण, २०५२: ९))

यो उपत्यका पश्चिममा छोरेपाटन, फेवा फाँट, पूर्वमा काप्रे, उत्तरमा हेमजा, भुजुंखोला लाहाचोक, घाचोक, विजयपुर, दक्षिणमा दोपहरे, साम्मी, बाघमारासम्म फैलिएको छ (क्षेत्री २०५७: ९)

प्राचीन कालदेखि नै धार्मिक सहिष्णुता र एक अर्काबीच (जातीय) सहअस्तित्वको विश्वमै अनुपम एवं उदाहरणीय पहिचान गराउन सफल भएको नेपाली समाज समग्रमा एक आदर्श समाज मान्न सकिन्छ । उदाहरणका रूपमा यस मुलुकमा मौलिक धर्महरू जस्तो हिन्दू तथा बौद्ध मन्दिरहरूमा श्री कृष्ण, शिव तथा गौतम बुद्धको मूर्ति एकै ठाउँमा राखी उचित आदर र सम्मान गर्दै आएको यथार्थलाई लिन सकिन्छ । पोखरा उपत्यका खास गरी यो नगरी विविध जातजाति, धर्म, संस्कार र संस्कृतिका मानिसहरूको बसोबास थलो बनेको छ । यहाँ विविध प्रकारको धार्मिक एवं अस्तित्त्व वोध गराउने मठमन्दिरहरूको अस्तित्व पाइन्छ ।

त्यस्तै प्रकारसँग कास्की जिल्लाको वैदाममा केदारेश्वर महादेव मन्दिरको पनि धार्मिक, सांस्कृतिक, ऐतिहासिक एवं वातावरणीय रूपमा विशेष महत्त्व रहेको छ । उपत्यकावासीहरूले यस मन्दिरको श्रद्धाभक्तिका साथ पूजा अर्चना गरेको पाइन्छ ।

प्रस्तुत शोधपत्रमा केदारेश्वर महादेव मन्दिरमा गरिने पूजा विधिका साथै यसको ऐतिहासिक तथा वातावरणीय महत्त्वका बारेमा अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथनः

पोखरा उपत्यकाका धेरै मठमन्दिर, ताल-तलैया, गुम्बा, गुठी, पैवा, नदीनाला, पहाड, पर्वत आदिका बारेमा विभिन्न विद्वान्हरूले कलम चलाइसकेका छन् । तैपनि यस केदारेश्वर महादेव मन्दिर वैदामको बारेमा खासै औपचारिक रूपमा अध्ययन-अनुसन्धान हुनसकेको छैन । उक्त सम्बन्धमा प्रकाश पार्नका निमित्त निम्न समस्याहरूको समाधान गर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

क. केदारेश्वर महादेव मन्दिरको स्थापना तथा विकास कसरी भयो ?

ख. केदारेश्वर मन्दिरको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्त्व कस्तो रहेको छ ?

ग. केदारेश्वर मन्दिरले कस्तो प्रकारको वातावरणीय प्रभाव पारेको छ ?

## १.३ अध्ययनको उद्देश्यः

यस सोध कार्यका उद्देश्यहरू मूलतः निम्नानुसार रहेका छन्:

१. केदारेश्वर महादेव मन्दिरको स्थापना, सञ्चालन तथा विकासका बारेमा पहिचान गर्नु ।

२. केदारेश्वर मन्दिरको ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक महत्त्वका बारेमा जानकारी गराउनु ।

३. केदारेश्वर मन्दिरले त्यस क्षेत्रमा पारेको वातावरणीय प्रभावका बारेमा खोज गर्नु ।

४. मन्दिर विकासका लागि त्यस क्षेत्रका व्यक्तिहरूले गरेका योगदान बारे खोज गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षाः

पोखरा उपत्यकाका मठमन्दिरहरूको ऐतिहासिक, धार्मिक, सांस्कृतिक क्षेत्रमा लेख तथा पुस्तकहरू विभिन्न समयमा विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले प्रकाशमा ल्याएको पाइन्छ । तिनको विवरण यस प्रकार छ ।

क. डा.दिलबहादुर क्षेत्रीद्वारा लिखित "डकुमेन्टस् अन नेपाल" (१९९८:२७६) नामक पुस्तकमा कास्कीका विभिन्न मठ तथा मन्दिरहरूसँग सम्बन्धित सनद् तथा

लालमोहर प्रकाशित गर्नुभएको छ । तर केदारेश्वर महादेव मन्दिरसँग सम्बन्धित डकुमेन्टस्मा त्यस बारे उल्लेख गर्नुभएको छैन ।

ख. चन्द्रकान्त पौडेलको "कास्कीकोटको ऐतिहासिक अध्ययन" (२०५९) नामक एम.ए. थेसिसमा कास्कीको ऐतिहासिक, भौगोलिक एवं कोट र गुप्त कालिकाको बारेमा विस्तृत वर्णन गरिएको छ । उक्त कृति केदारेश्वर मन्दिरको बारेमा सिधै सरोकार राख्ने नभए तापनि कास्की एवं पोखरा उपत्यकाको भौगोलिक, ऐतिहासिक पृष्ठभूमि बुझ्न सहयोगी देखिन्छ ।

ग. डा. दिलबहादुर क्षेत्रीद्वारा लिखित "सिद्ध शक्तिपीठ श्री विन्ध्यवासिनी तथा पोखाराका केही मठमन्दिरहरूको संक्षिप्त परिचय" (२०५७) मा अन्य मठमन्दिर तथा ताल, तलैया, झरना, गुफा आदिको वर्णन तथा जानकारी पाइएतापनि यस केदारेश्वर मन्दिरको बारेमा केही उल्लेख गरिएको छैन ।

घ. "श्री केदारेश्वर महादेव मन्दिर स्मारिका" (२०५७), पोखरा-६ बाट प्रकाशित स्मारिकामा पनि केदारेश्वर महादेव मन्दिर एक चिनारी, दानदाताको नामावली, श्रीमद् देवी भागवत् महापुराण आयोजक समिति, संरक्षण समिति, छोटो आर्थिक जानकारी पाइएपनि यस मन्दिरको त्यस क्षेत्रमा पारेको प्रभाव तथा बनौटशैली त्यँहाको परिवेशको बारेमा पूर्णरूपमा जानकारी पाइदैन ।

ङ. श्री सूर्यनाथ अधिकारी, अध्यक्ष, (श्री केदारेश्वर महादेव मन्दिर संरक्षण समिति) लामाखोर वैदामबाट "श्री केदारेश्वर महादेव मन्दिर लामाखोर गाईघाट पोखरा-६, वैदाम, एक परिचय" (२०५७) मा केही जानकारी केदारेश्वर महादेव मन्दिरको पाइएतापनि खासै पूर्ण जानकारी नहुने भएकोले यस शोधपत्र पुस्तिकामा पूर्ण जानकारीको लागि यथासक्य प्रयास गरिएको छ ।

## १.५ अध्ययनको महत्त्वः

यस पोखरा उपत्यकामा रहेको केदारेश्वर महादेव मन्दिरको ऐतिहासिक, सामाजिक, धार्मिक तथा सांस्कृतिकलगायत वातावरणीय पक्षहरूमा यसले पारेको प्रभावका बारेमा गहन अध्ययन-अनुसन्धान गरी आफ्नो निष्कर्ष साथ यस क्षेत्रका बासिन्दालगायत मन्दिरको बारेमा चासो राख्ने व्यक्तिहरूलाई यस सोध ग्रन्थले जानकारी दिन सहयोग पुऱ्याउने छ ।

## १.६ अध्ययनको सीमाः

पोखरा उपत्यकाभित्र शयौं मठ मन्दिरहरू रहेका र तिनीहरू सबैका बारेमा व्याख्या तथा विवेचना गर्न यस छोटो अध्ययनमा सम्भव नभएकाले यहाँ केदारेश्वर महादेव मन्दिरको ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक र वातावरणीय प्रभावको बारेमा मात्र यस शोध कार्यलाई सीमित गरिएको छ ।

## १.७ अध्ययन विधिः

प्रस्तुत शोधपत्रको अध्ययन विधिमा प्राथमिक तथा द्वितीय दुवै स्रोतहरूको प्रयोग गरिएको छ । प्राथमिक स्रोत अन्तरगत स्थलगत भ्रमण र अन्तरवार्ता तथा अप्रकाशित दस्तावेजहरू प्रयोगमा ल्याइएको छ भने सहायक स्रोत अन्तरगत प्रकाशित पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि आवश्यकता अनुसार प्रयोग गरिएका छन् ।

## १.८ अध्ययनको संगठनः

परिच्छेद १. शोध परिचय

परिच्छेद २. पोखरा उपत्यकाको भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक परिचय

परिच्छेद ३. पोखरा उपत्यकाभित्र रहेका प्रसिद्ध मठ मन्दिर गुम्बा, विहार चैत्यहरूको संक्षिप्त परिचय (चर्चा)

परिच्छेद ४. केदारेश्वर महादेव मन्दिरको ऐतिहासिक अध्ययन

परिच्छेद ५: श्री केदारेश्वर महादेव मन्दिरको धार्मिक एवं साँस्कृतिक, सामाजिक र वातावरणीय क्षेत्रमा पारेको प्रभाव

परिच्छेद ६: निष्कर्ष तथा सुझावहरू

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

फोटो विवरण

# परिच्छेद : २

# पोखरा उपत्यकाको भौगोलिक, साँस्कृतिक तथा ऐतिहासिक परिचय

## २.१ भौगोलिक परिचयः

विश्वका पर्यटकहरूका लागि आकर्षणको केन्द्र एवं कास्की जिल्लाको निधि पोखरा उपत्यका २८° ०७' उत्तरी आक्षांशदेखि २८° २०' उत्तरी आक्षांश र ८३° ५०' पूर्वी देशान्तरदेखि ८४° १२', पूर्वी देशान्तरसम्म फैलिएको एक विवर्तनिक उपत्यका (Tectonic Valley) हो (कास्की जिल्लाको वस्तुगत विवरण, २०५२:९)। यो उपत्यका ६२५ वर्ग कि.मी.मा फैलिएको छ। यसको लम्बाइ पश्चिमबाट दक्षिणपूर्व ४५ कि.मी. छ। जब कि मध्य भाग पूर्वबाट पश्चिम केवल ३२ कि.मी छ। यसको चौडाइ पश्चिम भागमा ८ कि.मी. छ भने पूर्वी भागमा १० कि.मी. छ (क्षेत्री, २०५७: ३५)।

कास्की जिल्लालाई भू-बनोटका आधारमा ४ प्रदेशमा विभाजन गरिएको पाइन्छ। जुन निम्नानुसार रहेको पाइन्छ।

### २.१.१ हिमाली प्रदेशः

बाह्रै महिना हिउँयुक्त पर्वतमालाअन्तर्गत पर्ने यस प्रदेशमा १६ हजार फिटभन्दा माथि उचाइका अन्नपूर्ण दोस्रो, अन्नपूर्ण तेस्रो, अन्नपूर्ण चौथो र माछापुच्छ्रे आदि हिमाली क्षेत्र पर्दछन्।

### २.१.२ लेकाली प्रदेशः

७ हजार फिटदेखि अग्ला र १६ हजार फिटभन्दा होचा भू-भाग यस प्रदेशमा पर्दछन्। जसमा हिउँदमा हिउँले पुरिने र गर्मीमा हिउँ पलिग्न थालेपछि मसिना घाँस तथा रंगीबिरंगी फूलहरू फुल्न थाल्दछन्। अस्थायी रूपमा गर्मीमा भेंडा, भैंसी गोठहरू राख्ने गरिन्छ (क्षेत्री, २०५७ : २)। यसैले वर्षायाममा यो क्षेत्र खर्कको रूपमा प्रयोग गरिन्छ। यस

क्षेत्रको केही तल्लो भागमा गुराँस तथा भोजपत्र आदिका लेकाली वनस्पतिहरू हुन्छन् । हिमालय पर्वत श्रेणीकै शाखाका रूपमा फैलिएको यस प्रदेशको दक्षिणतिर ज्यादै भिरालो परी प्रत्येक १ (एक) कोशमा ६७१ मिटर (२२०० फिट) होचिंदै गएको छ । त्यसैले यो प्रदेश पशुपालनका निम्ति महत्त्वपूर्ण हुनुको साथै जडीबुटीको लागि पनि त्यत्तिकै मूल्यवान मानिन्छ (क्षेत्री, २०५७:२) ।

### २.१.३ पहाडी प्रदेशः

७ हजार फिटभन्दा तल र वेंशी तथा उपत्यकाभन्दा माथिको प्रदेशलाई पहाडी प्रदेश भनिन्छ । कास्कीमा अधिकांश गाउँवस्तीहरू यसै क्षेत्रमा पर्दछन् । यहाँ न जाडो न गर्मी नै हुन्छ । त्यसैले यो समशितोष्ण मनसुनी हावापानीको क्षेत्र मानिन्छ (क्षेत्री, २०५७: २) ।

### २.१.४ उपत्यका, बेंसी तथा टार प्रदेशः

उपत्यका, बेंसी तथा टारयुक्त जिल्ला नै कास्की जिल्ला हो । यसै क्षेत्रमा नै पोखरा उपत्यका पर्दछ । यो भौगर्मिककालक्रमको क्वाटरनरी अवधिको उत्तरतिर सेतीका सहायक नदीहरू थुनिन गई बनेको जीवित तथा मृत तालहरूले यो उपत्यका तालतलैयाको रूपमा स्थापित छ (क्षेत्री, २०५७: ३) ।

### २.१.५ नदीनाला, ताल र झरनाः

यस पोखरा उपत्यकाका मुख्य नदीहरूमा सेतीनदी, यामदी खोला तथा फेवा, रूपा, वेगनास, खास्टे, दिपाङ, मैदी तालहरू छन् (क्षेत्री, २०५७: १३) । यस उपत्यकाका झरनामा पातालेछाँगो, सेती गल्छी, गुप्तेश्वर गुफा, महेन्द्र गुफा आदि गुफाहरू छन् ।

### २.१.६ हावापानीः

अन्नपूर्ण हिमालको दक्षिण काखमा अवस्थित कास्की जिल्लाको हावापानी मध्यनेपालका अन्य पहाडी जिल्ला सरह नै दक्षिणपश्चिम मनसुनी जलवायुको प्रभाव यस क्षेत्रमा पर्दछ । अधिराज्यमा सबैभन्दा बढी वर्षा हुने भएकोले यस जिल्लालाई नेपालको चेरापुञ्जी भनिन्छ । हावापानीको दृष्टिकोणले यस जिल्लामा मूलतः हिमाली, लेकाली, ठण्डा शितोष्ण मनसुनी र अर्धउष्ण हावापानी पाइन्छ (मेचीदेखि महाकाली २०३१:३०६) ।

यस कास्की जिल्लाको तापक्रम अधिकतम अप्रिल महिनामा ३३$^{o}$ से. सम्म र न्यूनतम तापक्रम जनवरी महिनामा ५-६$^{o}$ से. सम्म पुग्दछ। हिम श्रृङखलाका नजिक र हिउँले ढाकेका क्षेत्र तथा वस्तीहरूमा योभन्दा धेरै कम तापक्रम रहेको छ (कास्की जिल्लाको वस्तुगत विवरण २०५२:९)।

शितोष्ण प्रदेश ३ हजार फिटदेखि ८ हजार फिटसम्मको पहाडी इलाकामा समशितोष्ण हावापानी पाइन्छ। वर्षामा यहाँ मध्यम खालको गर्मी र हिउँदमा जाडो हुन्छ। विशेष गरेर वर्षामा यस इलाकामा पर्ने वेशी र टारहरूमा बढी गर्मी हुन्छ (Gurung, 1978: 23)। तर यस प्रदेशका अग्ला ठाउँहरूमा यस्तो गर्मी नहुनु र हिउँदमा निकै जाडो भई कहिले काँही तुसारो समेत पर्ने गर्दछ। यस इलाकामा मनसुनी वर्षा सधैं हुन्छ। तर यस इलाकाको पश्चिमतिर भने मनसुनी वर्षा कम हुन्छ तापनि हिउँदमा पश्चिमी हावाद्वारा पानी पर्छ (Gurung, 1978: 23)। यस प्रदेशमा काठमाडौं, पोखरा आदि उपत्यकाहरू पर्दछन्।

## २.२ साँस्कृतिक परिचयः

पोखरा उपत्यकाको धार्मिक तथा साँस्कृतिक पक्षको प्रश्नमा यहाँ मूलतः बुद्ध तथा हिन्दू धर्मावलम्बीहरूको संस्कार र संस्कृति मिली एक नयाँ मौलिक संस्कृतिको विकास हुन पुगको छ। यसको अर्थ यो होइन कि प्रत्येक जातजातिको छुट्टै मौलिक संस्कार र संस्कृति छैन। सारांशमा यहाँको संस्कार र संस्कृति मूलतः बौद्ध तथा हिन्दूहरूको संस्कार र संस्कृतिको मिश्रित उपज हो। चाहे त्यो विकसित वा अविकसित समाज भए पनि यहाँ मठमन्दिर, गुम्बा, विहार तथा गुफा आदिको अस्तित्व पाइन्छ। यो समाज वास्तवमा विविध धार्मिक मत तथा भावना र आस्थाबाट प्रभावित हुन्छ। यहाँ विविध प्रकारका जातजातिहरूको निवास रहेको छ। जस्तैः बाहुन, क्षेत्री, गुरूङ, मगर, भुजेल, कामी, दमाईं, पोडे, कसाई, नेवार इत्यादि। समग्रमा भन्नुपर्दा संसारमा कुनै मानव तथा समाज त्यस्तो छैन जो कुनै न कुनै धार्मिक भावना र आस्थाबाट प्रभावित भएको नहोस्। त्यसै भएर यहाँका बासिन्दा पनि प्रभावित भएका हुनुपर्दछ। यहाँका बासिन्दा आपसमा मिलेर बिभिन्न चाडपर्वहरू जस्तैः दशैं, तिहार, पुसेपन्ध्र, ल्होसार, माघे सक्रान्ति, साउने सक्रान्ति, तीज, बैशाखे पूर्णिमा आदि मनाउने गरेको पाइन्छ। त्यस्तै प्रकारका विभिन्न संस्कारहरू विवाह, ब्रतबन्ध, पास्नी, न्वारन, श्राद्ध, पूजाआजा गरेको तथा सँगै बसी नाचगान, देउसी, भैलो खेल्ने गरेको पाइन्छ।

## २.३ ऐतिहासिक परिचयः

पोखरा उपत्यकाको निर्माण नदी प्रवाहको कारण तथा भूस्खलनको परिणामले आजभन्दा २ लाख वर्ष अघि भीमाद क्षेत्रबाट प्राचीन पोखरा तालको पानी प्रवाहित भई बाहिर निकास हुन थालेपछि क्रमशः अस्तित्त्वमा आएको मानिन्छ (श्रेष्ठ, २०५३:८३) । यस उपत्यकाको वर्तमान भू-भौतिक संरचना भने आजभन्दा १ हजार वर्षदेखि ७ सय वर्ष अघिसम्मका भौगर्भिक हलचलबाट निर्माण भएको निष्कर्ष भूगर्भ विद्हरूको छ (श्रेष्ठ, २०५३: ८३) । यसो भएता पनि यस उपत्यकाको वर्तमान भू-सतहको वास्तविक कालक्रम कुन हो भन्ने सन्दर्भमा थप गहन अध्ययन अनुसन्धानको आवश्यकता छ ।

यो निश्चित छ कि तालको पानी निकास भएर बाहिर गएपछि यो उपत्यका पनि अन्य जस्तै मानव वस्ती तथा गतिविधिको केन्द्र विन्दु बन्न पुग्यो । तालको पानी निकास हुनुभन्दा पहिले यस क्षेत्रको मानव वस्ती यस उपत्यकाको सेरोफेरोमा थियो । माथि स्पष्ट पारियो कि पोखरा उपत्यका यसमा रहेको पानीको निकासपछि नै मानव गतिविधि तथा वस्ती योग्य बन्यो । यसो भएता पनि यस उपत्यकामा वस्ती तथा शहरीकरणको कुरा गर्दा कास्कीका तत्कालीन राजा कुलमण्डन शाहले यसै उपत्यका स्थित बाटुलेचौरमा हिउँदे राजधानी (Winter Palace) कायम गरेपछि नै वस्ती बस्न शुरू भयो । यहाँ वस्ती बसाउने पहिलो जातीको रूपमा पराजुली ब्राम्हणहरू रहेको उल्लेख पाइन्छ (शाक्य, १९९५: २१) । स्वयं राजा कुलमण्डन शाहले आफ्ना राजगुरू निलाम्बरलाई विन्ध्यवासिनी क्षेत्रको जमिन बिर्ता दिएका थिए, जुन आजसम्म पनि त्यही पराजुली वंशले उपभोग गर्दै आएका छन् (Kshetry, 1998:276) . त्यसपछि अन्य जातीहरू यस उपत्यकामा आई बसोबास गरको पाइन्छ। पोखरा उपत्यकामा सबभन्दा पहिला धोवी गौंडा व्यापारिक केन्द्र (Market Centre) को रूपमा विकास भएको मानिन्न (Kshetry, 1998:276) .

कास्की क्षेत्रका आदिवासीहरू भने मगर तथा गुरूङहरू नै हुन्। यिनीहरू यस क्षेत्रको उच्च पहाडी भागमा बसोबास गर्दथे। शाहवंशीय शासकहरूको हातमा यो क्षेत्र पर्नुभन्दा पहिले यिनै मगर तथा गुरूङहरू कै यस क्षेत्रमा बाहुल्य थियो। ब्राम्हण तथा क्षेत्री र अन्य जातिहरू यिनीहरूभन्दा पछि आएका जातिहरू हुन् (Kshetry, 1998:277) .

# परिच्छेद : ३

# मठमन्दिर, गुम्बा, गुफा, विहार, चैत्यहरूको परिचय

## ३.१ पोखरा उपत्यकाभित्र रहेका प्रसिद्ध मठमन्दिर, गुम्बा, गुफा, विहार, चैत्यहरूको संक्षिप्त परिचय (चर्चा)

पोखरा उपत्यका तालैताल र गुफैगुफाहरूको ठाउँले मात्र सुशोभित नभई विविध धर्म, संस्कार र संस्कृति झल्काउने मन्दिर, गुम्बा, चैत्य, विहार आदिको पनि प्रचुर मात्रामा अस्तित्व रहेको पाइन्छ। त्यसैले खास गरी यस उपत्यका अझ नगरीलाई मात्र इंगित गर्ने हो भने "प्रत्येक घर टोल, प्रत्येक मन्दिर" ले चिनिन्छ। अन्नपूर्ण र माछापुच्छ्रे जस्ता विश्व विख्यात हिमालयहरू र फेवा, वेगनास, रूपा जस्ता ताल एवं विभिन्न गुफा, सेती गण्डकी तथा अन्य नदी समेतको आशिष प्राप्त यो उपत्यका वास्तवमै एक अनुपम रमणीय स्थल र भौतिक एवं आध्यात्मिक दुवै दृष्टिले महत्त्वपूर्ण एवं दर्शनीय स्थान बनेको छ (क्षेत्री, २०५७ : १३)।

नेपाली समाज भाग्यवादी अवधारणा र विश्वासको गहिरो छापमा चुर्लुम्म डुबी प्रत्येक कुरा जन्मेदेखि मृत्युसम्म ईश्वरकै निगाह र अनुकम्पामा विश्वास राख्दछ। त्यसैको प्रतिफल हो वर पिपलको बोट बिरूवादेखि लिएर अन्य ढुंगा, माटाका मूर्ति एवं पहरा, पाखा (प्रकृति) समेतमा साक्षात् भगवानको अनुभूति स्वरूप मूर्ति, प्रकृति र रूख वृक्ष समेतलाई आ-आफ्नो संस्कार र संस्कृति अनुसार पुज्दै आएको स्पष्ट देख्न पाइन्छ (क्षेत्री, २०५७ : १३)।

मानव संस्कृतिको विकाससँगै धार्मिक सहिष्णुता र एक अर्का बीच (जातीय) सह-अस्तित्वको विश्वमै अनुपम एवं उदाहरणीय पहिचान गराउन सफल नेपाली समाज समग्रमा एक आदर्श समाज बनेको छ। यसको ज्वलन्त उदाहरणको रूपमा यस मुलुकका मौलिक धर्मिक स्थल जस्तैः बौद्ध तथा हिन्दू मन्दिरहरूमा श्री कृष्ण, शिव तथा गौतम बुद्धका मूर्ति एकै स्थानमा राखी आदर सम्मान दिंदै आएको पाइन्छ। पोखरा उपत्यका खासगरी यस नगरी माथि नै उल्लेख गरिए जस्तै विविध जातजाति, धर्मसंस्कार र संस्कृतिका व्यक्तिहरूको बसोबास थलो बनेको छ। यहाँ विभिन्न किसिमका धार्मिक अस्तित्व बोध गराउने विविध मठमन्दिर, गुम्वा, स्तुप, चैत्य, चर्च आदिको अस्तित्व पाइन्छ। तिनीहरूमध्ये केहीको नामोल्लेख यहाँ गरिन्छ।

### ३.१.१ मन्दिरः

पोखरा उपत्यकाले समग्रमा नेपाली समाजको प्रतिनिधित्व गरेको देखिन्छ । किनकि यस उपत्यकाभित्र विविध जातजाति, भाषाभाषी, रीतिरिवाज, धर्म संस्कार, संस्कृतिको प्रतिनिधित्व रहेको छ । यहाँ अनेकौ मठ मन्दिर, चैत्य, विहार, गुफा, स्तुफ एवं चर्चहरू तथा मस्जिदहरूको स्पष्ट अस्थित्व देखिन्छ । बुँदागत रूपमा महत्त्वपूर्ण एवं ऐतिहासिक मन्दिरहरूलाई यसरी टिपोट गर्न सकिन्छः ।

१. श्री विन्ध्यवासिनी मन्दिर

२. मैत्री चैत्य तथा राधाकृष्ण मन्दिर

३. नारायण स्थान मन्दिर नदीपुर

४. राम मन्दिर रामघाट

५. गीता मन्दिर रामघाट

६. सदाशिव मन्दिर ढुंगेसाँगु

७. लक्ष्मीनारायण मन्दिर अर्मला

८. तालवराही मन्दिर फेवाताल

९. गणेश तथा भद्रकाली मन्दिर मुडुलो थुम्का

१०. शोभा भगवती मन्दिर रानीपौवा

११. सिद्धेश्वर महादेव फुलवारी

१२. केदारेश्वर महादेव मन्दिर वैदाम

१३. राम मन्दिर ड्याम साइड (क्षेत्री, २०५७ : १३) ।

### ३.१.२ चैत्य विहारः

त्यस्तै गरी पोखरा उपत्यकामा रहेका विविध खालका चैत्य तथा विहारहरूले पनि यहाँका धर्मभिरु बासिन्दाहरूको प्रतिनिधित्व गर्दछ । जसमा निम्नानुसारका चैत्य तथा विहारहरू देख्न पाइन्छ ।

१. धर्मशीला बुद्ध विहार, नदीपुर

२. ब्रह्मचर्य आश्रम, नदीपुर

३. कर्मसिद्ध परम्परा धर्मचक्र द्वीपस्य विहार माटेपानी ।

### ३.१.३ गुफाः

परापूर्वकालदेखिनै प्राकृतिक रूपमा निर्मित विभिन्न प्रकारका गुफाहरू यस पोखरा उपत्यका तथा त्यसका किनारहरू निम्नानुसार देख्न पाइन्छः ।

१. महेन्द्र गुफा बाटुलेचौर

२. हरिहर गुफा भलाम

३. शिद्ध गुफा रामघाट

४. गुप्तेश्वर महादेव गुफा पोखरा उपमहानगरपालिका वडा नं.१७ छोरेपाटन ।

### ३.१.४ स्तुपः

पोखरा उपत्यकाको विभिन्न गुफा, चैत्य, मन्दिर, नदीनाला रहे सरह बौद्धमार्गी स्तुपको पनि उपस्थिति रहेको पाइन्छ। जसमध्ये विश्व शान्ति स्तुप अनदु डाँडा, कास्की रहेको छ (क्षेत्री, २०५७: १३) ।

# परिच्छेद : ४

# केदारेश्वर महादेव मन्दिरको ऐतिहासिक अध्ययन

## ४.१ अवस्थितिः

पोखरा उपमहानगरपालिका वडा नं. ६ को वैदाम क्षेत्रमा लामाखोर नामक स्थान रहेको छ। यो सुनौली-पोखरा राजमार्गदेखि उत्तरपश्चिममा फेवातालको किनारमा रहेको छ। यो लामाखोर क्षेत्र पूर्वमा पृथ्वीचोकको बाटो भएर राष्ट्र बैंकचोक भई लेक साइडको पक्की सडक छेउमा पर्दछ। यसको दक्षिणपूर्वमा फिर्के पुल रहेको छ। दक्षिणपश्चिम क्षेत्रमा दिपाङ स्थल रहेको छ, जहाँ फेवा-दिपाङ ताल रहेको छ। त्यसको अझै दक्षिणपश्चिममा तालवारी रानीवन रहेको छ। यो ताल र जंगल समीपमै सटेर रहेको छ। यहाँ एक ठूलो खोर रहेको छ। यस क्षेत्रलाई मूलथोक पनि भनिन्छ। यहाँ मितेरी पार्क रहेको छ। लामाखोरको ठीक पश्चिममा फिस्टेल लज रहेको छ। यस क्षेत्रमा विभिन्न लज तथा होटलहरू रहेका पाइन्छन्। यसै लामाखोरमा जुन मितेरी पार्क (लगभग १०० रोपनी जग्गा रहेको छ) दक्षिणपश्चिममा केदारेश्वर महादेव मन्दिर रहेको छ। यस स्थानबाट सिंधै उत्तरपश्चिम र उत्तरपूर्वतर्फ फर्केर हेर्दा अन्नपूर्ण, धौलागिरी र लमजुङ हिमशृङ्खलाको मनोरम दृश्य देख्न पाइन्छ। त्यसकारणले गर्दा यो पर्यटकीय हिसाबले पनि अति उत्तम स्थान रहेको पाइन्छ।

## ४.२ ऐतिहासिक पृष्ठभूमिः

श्री केदारेश्वर महादेव मन्दिर अति प्राचीन मन्दिर हो। पोखरा-६, वैदाममा अवस्थित यो स्थान अति नै रमणीय स्थानमा रहेको पाइन्छ। फेवाताललाई पुराणहरूमा "प्रौढगंगा" नामकरण गरिएको पाइन्छ (अधिकारी, २०५७: २)। उक्त गंगा भएको पूर्वी ठाउँलाई सो समय (प्रौराणिक काल) मा राजाको विरूवा भनिन्थ्यो भने अहिले विरूवाफाँट भनिन्छ। सोही फाँटमा सिंचाई गर्ने उद्देश्यबाट फेवातालमा छपनीको बाँध निर्माण गर्दा सो स्थानमा विशेष प्रकारको शिला (ज्योतिर्लिङ) उत्पत्ति भएकोले मन्दिर निर्माण गरी स्थापना

भएको भन्ने बुझिन्छ । त्यसै हुनाले यो मन्दिर “बाँधको मणि” नामले विख्यात भयो । यस स्थानमा प्राचीनकालदेखि नै साधुसन्तहरूद्वारा नियमित रूपमा पूजाआजा चल्थ्यो । कालान्तरमा वि.सं. १७९४ सालतिर कास्की जिल्लाको पुरून्चौर चुरूङ्गा निवासी स्व.स्वामी शंकरानन्द यहाँ बसी यस मन्दिरको मर्मतसम्भार एवं जीर्णोद्धार समेत गरी पूजाआजा चलाउँदै आएका र उनको मृत्युपश्चात् उनकै सन्तति र चेलाहरूले रेखदेख गर्दै आएको पाइन्छ । पछि वि.सं.२०३९ सालमा त्यस क्षेत्रको जमिन पोखरा उपत्यका नगर विकास समितिमार्फत तत्कालीन श्री ५ को सरकार हालको नेपाल सरकारले अधिग्रहण गरेकाले त्यहाँको पूजाआजा चलाई आएका पुजारी विस्थापित भए र मन्दिर पनि बेवारिसे अवस्थामा रहन गयो ।

यसरी संरक्षणको अभावमा केही समय मन्दिर लथालिङ्ग अवस्थामा रहेता पनि महाशिवरात्री पर्वमा दूध, जल चढाउन भक्तजनहरू (प्रायः महिला) को लाम नै लाग्दथ्यो । मर्मतसम्भार एवं संरक्षणको अभावमा मन्दिरको अवस्था दिनप्रतिदिन दयनीय हुँदै गए पनि मन्दिरप्रति भक्तजनहरूको श्रद्धामा कमी आएन । यी सबै परिस्थितिले गर्दा वि.सं.२०५१ सालमा केही स्थानीय समाजसेवीहरूमा यो मन्दिरको संरक्षण हुनुपर्ने भावनाका जागृत भई सूर्यनाथ अधिकारी समेतका समाजसेवीहरूले पोखरा उपत्यका नगर विकास समितिबाट मन्दिरको लागि जग्गा प्राप्त गर्ने पहल शुरू भयो ।

सोही सिलसिलामा श्री सूर्यनाथ अधिकारीले नगर विकास समितिका पदाधिकारीहरूलाई मन्दिर क्षेत्रको अवलोकन गराउन ल्याउँदा अनयासमा नै मन्दिरबाट नाग निस्केको दृश्य देखिएकाले यो शिव मन्दिरप्रति उहाँहरूको श्रद्धा बढ्नुका साथै सकारात्मक धारणा पैदा भयो (अधिकारी, २०५७: ३) । त्यसपछि बसेको पोखरा उपत्यका नगर विकास समितिको बैठकले करीब ४ रोपनी जग्गा मन्दिरको विकास एवं संरक्षणका लागि दिने निर्णय गर्‍यो । त्यस समयमा योगेन्द्रबहादुर भट्टराई पनि उपत्यका नगर विकास समितिको बोर्डमा रहनुभएकाले जग्गा प्राप्त गर्न सजिलो भयो ।

त्यसपछि मन्दिरमा खानेपानी धाराको आवश्यकता भएको र वडा प्रहरी कार्यालय स्थानान्तरण भै खाली रहेको ठाउँको धारा सम्बन्धित ठाउँमा अनुरोध गरी तत्काल सूर्यनाथ अधिकारी, भानुभक्त पहारी, प्रेम भट्टराई र कर्णबहादुर गुरूङ गरी ४ जनाले केही रकम खर्च गरी धारा मन्दिर परिसरमा लाने काम भएको थियो (अधिकारी, २०५७: ३) ।

माथि उल्लेखित ४ जनाका साथै कृष्णध्वज आचार्य, खिमबहादुर पहारी, होमनाथ गौतम, देवीकुमारी श्रेष्ठ, बोधराज भट्टराई, बुद्धिनाथ अधिकारी, श्रीराम बराल, स्व.श्री

योगेन्द्रबहादुर भट्टराई, जयलाल बराल, मीनराज पहारी, शंकर पोखरेल, तुल्सी बराल, ओमप्रसाद अधिकारी, राधा बराल, धनपति अधिकारी, रामबहादुर गुरूङ, रामजी अधिकारी, चन्द्रकान्त लामिछाने, चन्द्रकान्त भट्टराई, रूद्रनाथ गौतम, इन्द्रबहादुर आचार्य, ढुङन्हप छिरिङ, एकनारायण पहारी, स्व.दलबहादुर कुँबर, विश्वराज पहारी, स्व.गोमा अधिकारी, रूद्रबहादुर भट्टराई, तेन्जिङ छिरिङ, जीवनाथ अधिकारी, विष्णुमाया पहारी, नवीनकुमार विष्ट, बब्बरसिंह लालचन, पार्वती पहारी, राजु भट्टराई, श्यामबहादुर सोती, भीम भट्टराई, हीरा कार्की तथा अन्य स्थानीय जनताहरूको सहयोग र सक्रियतामा सवालाखभन्दा बढी रकम संकलन गरी मन्दिरको सामान्य जीर्णोद्धारका साथै एउटा सानो सत्तल निर्माण गरियो ( केदारेश्वर महादेव मन्दिर स्मारिका, २०५६: ३)

स्थानीय केदार पहारी तथा मेघनाथ पहारीले आफ्ना स्वर्गीय माताको स्मृतिमा सोही स्थानमा एक कोठा जतिको सत्तल निर्माण गरिदिनु भयो । श्रीमती भगवती ढकालले मन्दिर परिसरमा चौतारी बनाई वर, पीपल, समी रोप्नु भयो । त्यसैगरी श्री कृष्णध्वज आचार्यले पनि वेल वृक्ष भएको ठाउँमा चौतारो निर्माण गर्नु भई शिलालेखमा कुँदाउनुभएको छ (फोटो १, परिशिष्ट १) ।

मन्दिर परिसरलाई सुरक्षित राख्न पर्खाल निर्माण गर्नुपर्ने महशुस गरी श्री सूर्यनाथ अधिकारी, भानुभक्त पहारी र कर्णबहादुर गुरूङको संयुक्त जमानीमा मन्दिरको १ शेयर समेत २१ जना सहभागी गराई मन्दिरको तर्फबाट एउटा ढिकुटी संचालन गरिएको थियो । ती २१ जनाको नामावली यस प्रकार पाइएको छः

१. श्री केदारेश्वर महादेव मन्दिर संरक्षण समति, २. भानुभक्त पहारी, ३. सूर्यनाथ अधिकारी, ४. कर्णबहादुर गुरूङ, ५. बुद्धिनाथ अधिकारी, ६. बोधराज भट्टराई, ७. वलराम भट्टराई, ८. प्रेम भट्टराई, ९. श्याम सोती, १०. सोमनाथ पहारी, ११. हरि पहारी, १२. गणेशराज अधिकारी, १३. जगन्नाथ अधिकारी, १४. कृष्ण अधिकारी, १५. गणेश लिगल, १६. रामजी अधिकारी, १७. कृष्णप्रसाद बराल, १८. लालबहादुर भट्टराई, १९. टंकनाथ पहारी, २०. होमनाथ गौतम, २१. ओम सुवेदी (अधिकारी, २०५७ : ३) ।

वि.सं.२०५७ सालको दीपावलीको अवसरमा यस क्षेत्रका दाजुभाइ, युवायुवती, बृद्धबृद्धाहरू सबैको सल्लाह र सहभागितामा भैलो खेली ४ दिनमा संकलित रकम र वडा कार्यालयबाट कमेरेघाटमा काजकृया पाटी निर्माणार्थ प्राप्त भएकोमध्ये बचत भई बाँकी रहेको रू.१३,०००। जति रकम पनि मन्दिरको कम्पाउण्डवाल निर्माण गर्न हस्तान्तरण

भएकाले भैलो र उक्त रकमबाट कम्पाउण्डवाल निर्माण भएको थियो। साथै ढिकुटीको पहिलो किस्ता रकम कम्पाउण्डवाल निर्माण गर्न नपरेको हुनाले रू.१ लाख व्याजमा लगाइएको थियो। जुन कार्यमा कर्णबहादुर गुरूङले विशेष योगदान दिनुभएको पाइन्छ ( केदारेश्वर महादेव मन्दिर स्मारिका, २०५६: ३)

वि.सं.२०५६ जेठमा श्रीमती भगवती ढकालको सक्रियतामा त्यस क्षेत्रका महिला दिदीबहिनीहरूले श्री पुरूषोत्तम महात्म्य लगाइएको थियो। सोही अवसरमा महिला दिदीबहिनीहरूले सो क्षेत्रमा श्री गणेश मन्दिर निर्माण गर्ने उद्देश्यले ज्ञानु भट्टराईको नेतृत्वमा भगवती ढकाल, लक्ष्मी बराल, मन्धरा ढकाल, चिनू आचार्य, इन्द्रकुमारी कुँवर, पूर्णकुमारी भट्टराई, सीता अधिकारी, भवी भुजेल, मीरा ठकुरी, मनमाया पहारी, कल्पना पहारी, इन्दिरा थापा समेतका स्थानीय महिला दिदीबहिनीहरूको सक्रियतामा गणेश मन्दिर निर्माण सहयोग संकलन अभियान चलाएर करीब रू.१,६३,०८८। बराबरको रकम संकलन गरिएको थियो (केदारेश्वर महादेव मन्दिर स्मारिका, २०५६: ३)।

सोही अवसरमा श्री लीलाभक्त आचार्यज्यूले वाचनशिरोमणि पं. स्व. श्री नारायण पोखरेलज्यूलाई उक्त पावन क्षेत्रको परिचय गराई वि.सं.२०५६ सालको श्रावण महिनामा श्रीमद् भागवत् एवं श्रीकृष्ण झुला कार्यक्रम, सोही क्षेत्रका तमाम दाजुभाइ, दिदीबहिनीहरूको सक्रियतामा श्री लीलाभक्त आचार्यको अध्यक्षतामा सम्पन्न भएको थियो। त्यसमा पहिले सोचिएभन्दा पनि बढी सक्रिय जनसहभागिता र सहयोग जुट्यो। स्थानीय बुद्धिजीवी, भद्रभलाद्मी, पर्यटन व्यवसायीहरूबाट त्यस कार्यक्रममा संकलन भई बाँचेको रकम उक्त क्षेत्रको विकास र पर्यटन व्यवसायमा समेत अनुकूल हुने गरी त्यहाँ निर्माण हुने सत्तल मन्दिर आदि नेपाली कला शैलीमा निर्माण हुने कुरामा विश्वास भएपछि स्थानीय व्यक्तिहरूबाट उदार दिलले सहयोग प्रदान भै करीब रू.९ लाख रूपैयाँ संकलन भएकोमा व्यवस्थापन खर्च कटाएर पनि ६ लाख ५० हजारभन्दा बढी नै रकम बचत भएको थियो।

यसको साथसाथै स्थानीय भक्तिनी श्रीमती खिन्तीमाया अधिकारीले करीब ३० हजारको लागतमा दुई सत्तलको खाली भाग करीब १८" × १०" को ढलान र रंगरोगन गरिदिनुभएको थियो। श्रीमद्भागवत् तथा श्रीकृष्ण झुला कार्यक्रममा त्यस क्षेत्रका युवायुवती, प्रौढ आदि सबै उमेर र वर्गका जनहरूबाट अत्यन्तै सक्रियता र उत्साहका साथ सहभागिता भएको थियो। सोचेभन्दा बढी धार्मिक जागरण आएको थियो। जसमा वाचनशिरोमणि नारायणप्रसाद पोखरेलले भागवत् वाचन २०५६ कार्तिक ७-१५ गतेसम्म गर्नुभएको थियो। यस प्रकारसँग महिला दिदीबहिनीहरूको सक्रियतामा गणेश मन्दिरको

लागि भनी उठेको रकम र श्रीमद्भागवत् तथा श्रीकृष्ण झुला कार्यक्रमबाट उठेको बचत रकमलाई त्यस स्थानको प्राकृतिक सौन्दर्य अनुकूल हुने गरी श्री शिवपाञ्चायन मन्दिर तथा व्यास मन्दिर (सत्तल) निर्माण गर्ने (श्री केदारेश्वर महादेव मन्दिर संरक्षण समितिको निर्णयबाट) गुरू योजना (Master Plan) तयार भई पौराणिक कलाकृति युक्त मन्दिरहरू निर्माण भैसकेका छन् ।

श्री शिव पाञ्चायनमध्ये श्री देवी मन्दिर भक्त श्री कृष्ण भट्टचनज्यूले करीब रू.१ लाख ८० हजारको लागतमा निजी लगानीमा निर्माण गरिदिनुभएको थियो भने अखण्ड शिवधुनी रू.८० हजारको लागतमा भक्तिनी श्री उमादेवी भण्डारीज्यूले निर्माण गरी मन्दिर हस्तान्तरण गर्नुभएको थियो । भक्तिनी श्रीमती भगवती ढकालज्यूले मन्दिर परिसरकै बगलमा रू.४० हजारको लागतमा निजी खर्चमा घाट निर्माण गराइदिनुभएको थियो र भुइँपानी टंकी करीब रू.३० हजारको लागतमा भक्तिनी श्रीमती पूर्णकुमारी भट्टराईज्यूले निर्माण गराई दिनुभएको थियो (अधिकारी, २०५७ :४) ।

श्री केदारेश्वर महादेव मन्दिर वैदामको प्राकृतिक सौन्दर्यलाई दृष्टिगत गरी यहाँ निर्माण हुने सम्पूर्ण कुराहरू नेपाली कला शैलीमा निर्माण गर्ने योजना अनुसार हालसम्म निर्माण कार्य भइरहेको पाइन्छ ।

## ४.३ नामकरण, स्थापना तथा जनधारणाः

यस केदारेश्वर महादेव मन्दिरको नामकरणको विषयमा विभिन्न भनाइहरू रहेको पाइन्छ, ती भनाइहरू निम्नानुसार रहेका छन् ।

क) केदारेश्वरको मन्दिर यहाँ (पोखरा) बाट धेरै टाढा भारतको केदार खण्ड, बद्री तथा सीता मणि भन्ने ठाउँमा भएको र त्यहाँ केदारेश्वरमा दूध, पानी चढाउन जान आउन पहिलाको जमानामा महिनौं लाग्ने तर नेपालीहरू धेरै धार्मिक भावनाबाट प्रेरित भएका हुनाले त्यत्ति धेरै टाढा जान इच्छा भए पनि धेरै खर्च लाग्ने, बाटामा बिरामी पर्ने हुँदा कति त बाटैमा मृत्यु हुने, गरीबीको कारणले खर्च पुर्‍याउन नसक्ने हुनाले यहीं फेवातालको किनारमा केदार-बद्रीको जल र शिला ल्याई केदारेश्वर मन्दिरको शैलीमा मन्दिर र शिला बनाई पूजा आराधना गर्ने, शिवजीको उपासना गर्ने, दूध र पानी चढाउने कार्य भएको हुनाले यस मन्दिरलाई केदारेश्वर महादेव मणि भन्न लागिएको हो भन्ने भनाइ पाइन्छ ( दाहाल, अन्तरवार्ता) ।

ख) त्यस्तै प्रकारसँग अर्को भनाइ अनुसार द्वापर युगको उत्तरार्द्धमा फेवाताललाई पुराणहरूमा "प्रौढगंगा" भनी नामकरण भएअनुसार त्यस लामाखोर क्षेत्रमा कुनै एक सोमबारे औंसीमा साँझको समयमा योगी बाबाको उत्पत्ति भई गाउँमा बास माग्दा त्यहाँ कसैले पनि बास नदिंदा एक बृद्धा महिलाको घरमा बास दिई उक्त महिलाले यथोचित सम्मानका साथ भोजन गराई बास बसेर बिहान पहिलो प्रहरमा उक्त बाबाजी उठी निज महिलालाई "अब यहाँ बिहानी पख सूर्योदयको समयमा बस्न हुँदैंन । यहाँ (फेवाको मध्य भागमा) ठूलो वर्षा भई यो बाँनिया स्वाँरा भन्ने ठाउँ बगाएर लैजान्छ । तपाईँ पनि मेरो पछि लाग्नु" भनी भनेको हुँदा उक्त महिलाले ती बाबालाई पछ्याउँदै लामाखोर गाईघाट मन्दिर हालको स्थाननेर पुग्दा ठूलो वर्षा भई ठूलो गड्गडाहटसहित सूर्योदयको समयमा उक्त भू-भाग जलमग्न भई बस्ती हराएछ र साधुबाबा पनि अलप भएछन् । पछि आजभन्दा ४९/५० वर्ष पूर्व फेवातालमा ठूला वृक्षका ठुटा पाइएबाट सो कुराको पुष्टि हुन्छ (अधिकारी, २०५७ : २) ।

यसै तपोभूमिमा कास्कीका अन्तिम राजा सिद्धिनारायण शाहको राज्यकालमा सम्वत् १७९२ देखि १८३२ तिर गाईघाट तटीय प्रौढगंगा (फेवाताल) मा छपनी ढुंगाको कत्ले बाँध बनाउने समयमा उत्खनन गर्दा विशेष शिला (ज्योतिर्लिङ्ग) भेटिएकाले मन्दिर बनाई तिनै शिलालाई स्थापना गरिएको रहेछ र केदारेश्वर महादेव मन्दिर नामकरण भएको पाइन्छ (अधिकारी, २०५७ : २) ।

ग) पहिला दूधको रंगको सेतो शिवलिंग थियो रे । यो चोरी भएपछि हाल कालो रंगको शिवलिंग राखी पूजा गर्दै आएको तर मन्दिर भने १००/२०० वर्ष पहिला भएको र केदार मन्दिर भनिने गरेको भन्ने तर्क पनि पाइन्छ (दाहाल, अन्तरवार्ता) ।

जे भए पनि आखिर यहाँका बासिन्दाहरूको धर्म तथा मन्दिरप्रतिको आस्था र त्यस ठाउँमा आउने भक्तजन तथा पर्यटकहरूको घुइँचो देख्दा यहाँ पहिलादेखि मन्दिर रहेको र यहाँको स्थान पनि फेवातालको किनार पानीको अभाव नहुने एकान्त र विशाल सम्म परेको मैदान (हाल बगैंचा) भएको र राजा सिद्धिनारायणको राज्यकालमा शिला प्राप्त भई हालको मन्दिर परिसरमा स्थापना गरिएको हुनाले उक्त शिवलिंग स्थापना गरी केदारेश्वर महादेव मन्दिर नामकरण गरिएको कुरा सत्य देखिन आउँछ । साथै यस क्षेत्रमा नागका दृश्य पनि बरोबर देखिने गरेको र नाग पनि शिवजीको एक प्रिय जीव भएको हुनाले उनको प्रिय वस्तुको

आराधना गरी शिवलिंगमा दूध, पानी चढाउने कार्य वर्षको एक पटक विशेष गरेर श्रावण-सोमबारको दिनमा बोलबम् ध्वनिसहित हुने गरेको हुनाले सत्यको नजिक रहेको पाइन्छ।

## ४.४ मन्दिरहरू:

वगलमा पूर्वाभिमुख गरी हेर्दा दायाँपट्टि गणेश मन्दिर, बायाँपट्टि दुर्गा भगवतीको मन्दिर, मन्दिर सामुन्ने बायाँ विष्णु मन्दिर, बीचमा अखण्ड शिवधुनी मन्दिर, गणेश मन्दिरको सामुन्ने सूर्यको मन्दिर रहेकाछन्। साथै महादेव मन्दिरको पछाडिपट्टि व्यास मन्दिर तथा गणेश मन्दिर र व्यास मन्दिरको बीच पश्चिम कुनामा हवनकुण्ड तथा त्यसको दक्षिणपूर्वमा नागको मूर्ति र वगलमा ॐकार मण्डप र त्यसैको दक्षिणपूर्वमा चतुर होमशाला रहेकाछन्। यस प्रकारसँग पाञ्चायन मन्दिरहरूको अवस्थिति मन्दिरको परिशरमा रहेको पाइन्छ।

### ४.४.१ केदारेश्वर महादेव मन्दिर

#### ४.४.१.१ बनोट तथा शैली:

यो शिवजीको मूल मन्दिर हो। यो शिखर शैलीमा पुरानो ढाँचाबाट निर्माण गरिएको छ। यस मन्दिरको निर्माण सानोसानो उठाएको पेटीमा चारैतिर १२' चौडा आधार बनाई गरिएको छ। यसभित्र तामाको जलधाराबाट शिवलिंगमा पानी अर्पण गरिएको छ र त्यसमाथि चँदुवा राखिएको छ। शिवजीको मन्दिर पछाडिबाट पानी आउने धारा जडान गरिएको छ। मन्दिरको अगाडि मन्दिरपट्टि हेर्दा दायाँ शिव र बायाँ पार्वतीको मूर्ति सिमेन्टेड ३/३ फिटका बनाइएको छ (फोटो २, परिशिष्ट ६)। केदार (शिव) मन्दिरको उँचाइ गजुरसहित ५ मिटर तथा ढलौटको गजुर २ फुट ३ इन्चको रहेको छ। उक्त शिव वा केदारेश्वर महादेव मन्दिर ढुंगा तथा सिमेन्टको जडानबाट १ ढोका तर झ्याल नभएको निर्मित भएको पाइन्छ (फोटो ३, परिशिष्ट ६)। उक्त शिव मन्दिरको अगाडिपट्टि यस केदारेश्वर महादेव मन्दिरमा प्रवेश गर्ने प्रवेशद्वारबाटै ढुंगाका छपनी बिछ्याइएको छ। ती छपनीहरू प्रत्येक पाञ्चायन मन्दिरहरू (दुर्गा, शिव, गणेश, सूर्य, अखण्ड धुनीशाला, विष्णु) माझ जाने बाटामा छापिएका छन्। प्रत्येक मन्दिरमा पस्ने स्थान वा ढोका वाहेक चारैतिर फलामको स्ट्याण्डमा दीप प्रज्वलनको लागि ढलौटे पालाहरू ३६० वटा स्थापित गरिएका छन्। २ वटा बत्ती पाञ्चायन मन्दिर प्रवेश गर्ने ठाउँमा र शिवजीको मन्दिरको दायाँ (पूर्वाभिमुख हुँदै) पट्टि गरी तामाका ३ फिट अग्लो गरी राखिएका पाला जडित गरिएकाछन्। शिवजीको मन्दिर अगाडिपट्टि एक ३ फिट अग्लो शिलापत्र रहेको छ। जसमा ४ वटै पाटामा शिलालेख सँस्कृत भाषामा शिवजीको पुकार गरी लेखिएको

छ (परिशिष्ट २, ३, ४ र ५) साथै उक्त मन्दिरको अगाडिपट्टि बेलवृक्षको एक चौतारी ( सिमेन्टेड) निर्मित पाइन्छ तथा त्यस चौतारीमा दानपेटी पनि राखिएको पाइन्छ। वि.सं.२०५७ को भाद्र-आश्विनदेखि यस पावन स्थानमा प्राकृतिक शिखासूत्र हरहर किराँत गिरी साधु महाराजले करीब ७/८ महिना आश्रम गर्नुभई सोही समयमा उहाँको सदिच्छा अनुसार श्री अखण्ड शिवधुनी निर्माण तथा मूल शिवमूर्ति (शिवलिंग) लाई पुनः प्रतिस्थापित गर्ने कार्य किराँत गिरी साधुमहाराजको वाहुलीबाट सम्पन्न भएको पाइन्छ (अधिकारी, २०५७ : ३)। साथै श्री केदारेश्वर महादेव मन्दिरको अगाडि एक घण्टा रहेको छ।

### ४.४.१.२ व्यवस्थापनः

यस केदारेश्वर महादेव मन्दिरको संरक्षण तथा सम्बर्द्धनका निम्ति एक व्यवस्थापन समितिको गठन भई सोही समितिको रेखदेख र संरक्षणमा यहाँ विभिन्न अवसर र नित्य नैमित्य पूजापाठ गरिँदै आएको पाइन्छ। वि.सं. २०५६ श्रावण महिनामा गठन भएको तदर्थ समितिदेखि विभिन्न समयमा गठन भएका संरक्षण समितिहरू एवं यही केदारेश्वर महादेव मन्दिर परिशरभित्र लगाइएका विभिन्न यज्ञ पुराणहरू सम्पन्न गर्न गठन गरिएका समितिहरू र ती समितिहरूमा रहेका महानुभावहरूको नामावली (फोटो ४, परिशिष्ट ६) दिइएको छ । साथै उक्त मन्दिर परिशरभित्रको विकास निर्माणको लागि आर्थिक सहयोग गर्ने महानुभावहरूको विवरण पनि परिशिष्ट मै दिइएको छ।

### ४.४.१.२.१ पुजारी व्यवस्थाः

यस केदारेश्वर मन्दिरमा हालसम्म पाइएको जानकारी अनुसार निम्नानुसारका पुजारीहरूको व्यवस्था पाइन्छ।

१. पं. श्री चूडामणि पोखरेल (२०५१-२०५४)

२. पं. श्री अग्नीधर लामिछाने (स्याङ्जाली) २०५४-२०५६

३. पं. श्री झ्याँपे तिमिल्सिना (पामे पोखरा) २०५६-२०५८)

४. पं. श्री इन्द्र मिश्र (झापेली) २०५८-२०६२)

५. पं. श्री योगराज दाहाल (नुवाकोट) २०६३ देखि हालसम्म

उक्त पुजारीको लागि मासिक रू.२०००। नगद र मन्दिरमा चढाइएको भेटीबाट खाना (चामल, तरकारी, फलफूल) दिइएको पाइन्छ। साथै १ जना चौकिदारको व्यवस्था पनि भएको पाइन्छ।

#### ४.४.१.२.२ गुठी व्यवस्थाः

कुनै मठमन्दिर, स्तुप, गुम्वा आदिको उचित व्यवस्थापन र संरक्षणका लागि गरिने व्यवस्थासंग आबद्ध संस्थाको नाम हो गुठी। यस शब्दको इतिहास लामो छ। गोष्ठी शब्दबाट गुठी बनेको हो (क्षेत्री, २०५७: १२४)।

यसको अस्तित्त्व नेपालको प्रमाणिक ऐतिहासिक कालदेखि नै रहेको पाइन्छ। गुठीको सही अर्थ वास्तवमा समग्रमा मानव हित वा मानव धर्मसँग आवद्ध रहेको छ (क्षेत्री, २०५७: १२४)। तिर्खाएर धापिएका व्यक्तिका लागि पानी खुवाउने, थाकेका बटुवाका लागि पाटीपौवाको विश्राम थलो जुटाउने, भोकाएका लागि सिधा दान गर्नु, कुमार्गमा लागेकालाई सही मार्गको बोध गराई सुमार्गतर्फ लगाइदिनु जस्ता आचरणद्वारा निःस्वार्थ सेवा पुऱ्याई असहाय प्राणीको सेवा गर्नु जस्तो वडो संवेदनशील एवं विवेकपूर्ण कार्य नै वास्तवमा सच्चा मानवता हो र सही धर्मात्मा पनि यस्तै कार्य गर्नेलाई भनिन्छ। साथै प्राणी मात्रको कल्याण चिताउनु र दीन दुःखीहरूको सेवा गर्नु नै ईश्वरको सच्चा सेवा आराधना गर्नु हो भनी स्पष्ट उल्लेख गरेको पाइन्छ छ (क्षेत्री, २०५७: १२४)

प्राचीन कालदेखि नै नेपाली समाजमा प्रचलित गुठी वा गोष्ठी शब्दले आधुनिक कालसम्म आइपुग्दा समयानुसार विभिन्न अर्थ, परिभाषा समेटेको पाइन्छ। लिच्छवीकालमा गोष्ठी वा गौष्ठिक शब्द सामाजिक, धार्मिक, साँस्कृतिक एवं लौकिक कार्यहरू सम्पन्न गर्न गठित संस्था वा समितिको रूपमा प्रयोग भएको पाइन्छ। इतिहासकार जगदीशचन्द्र रेग्मीज्यूले डी.सी. सरकारको भनाइलाई उद्धृत गर्दै लिच्छवी अभिलेखहरूमा गोष्ठी वा "गौष्ठिक" शब्दलाई सभा वा सभाका सदस्य अर्थात् सामाजिक संस्थाको रूपमा मान्नु भएको छ (रेग्मी, २०२६: ३३५) अर्कोतर्फ लिच्छवी कालमा नै मठमन्दिर, स्तुप, चैत्य आदिको स्थापना गरी तिनको नित्य पूजाआजा संचालन गर्न तथा जीर्णोद्धार आदिका लागि जमिन गुठी राखिदिएका उदाहरणहरू प्रशस्त पाइन्छन्। उदाहरणका लागि लिच्छवी राजा मानदेव प्रथमले चाँगुनारायणको पूजा एवं वर्ष वर्धनको निमित्त जमिन गुठी राखिदिएकोलाई प्रस्तुत गर्न सकिन्छ (ब्रजाचार्य, २०५३: १६) मध्यकालीन नेपाली समाजले पनि गुठी सम्बन्धी लिच्छविकालकै परम्परालाई आगालेको पाइन्छ। विभिन्न देवीदेवता स्थापना गरी तिनका लागि मन्दिरहरूको निर्माण गर्ने तथा त्यसको पूजाआजा वा धार्मिक कृत्यका लागि गुठीहरू राख्ने जस्ता क्रियाकलाप प्रचारप्रसार यस युगमा पनि भएको पाइन्छ (जोशी, २०३६: ७)।

नेपाली बृहत् शब्दकोशमा पनि गुठीको अर्थ धार्मिक वा परोपकारी कार्य सञ्चालनका लागि छुट्याइएको जमिन, त्यसैबाट आउने आयस्ताले देव, पितृको पूजाआजा

चलाइने र घर, जग्गा, सम्पत्ति आदिको रेखदेख गर्ने सामाजिक संस्था भनी लगाइएको छ ( नेपाली बृहद् शब्दकोष, २०५०: ३४३) ।

नेवारी समाजमा पनि गुठीले पारिवारिक वा सामुदायिक संगठनको जस्तो सामजिक, धार्मिक चाड पर्व आदिको व्यवस्थाका साथै आफ्नो समूह वा समुदायको लागि अधिकार र कर्तव्य सम्बन्धी व्यवस्था पनि गर्दछ (Nepali, 1965:191) . यस प्रकार गुठीको अर्थ भूमि व्यवस्थाको रूपमा र सामाजिक संस्थाको रूपमा २ किसिमले लगाइएको पाइन्छ । अर्थात् गुठी शब्दले प्रत्यक्ष रूपमा धार्मिक परोपकारी एवं लौकिक कार्यलाई बुझाउँछ भने यस्तै ती धार्मिक परोपकारी कार्य संपादन गर्न राखिएको जग्गा वा रूपियाँको आयस्ता वा व्याजबाट गुठियारहरूको रेखदेखमा ती कार्यहरू सम्पन्न गरिन्छ (टण्डन, २०५२: २) ।

मध्यकालमा रणजीत मल्लको विवाहको धरः पौबाट त्यति बेला भक्तपुरका गोष्ठी रूपका दफा खलक, पङ्गलेस्वरका खलक, ह्वासिका खलक, देशावाञ्जन (देशभरिको बाजा), देशकतक (न) र बलारालकनको उल्लेख पाइन्छ (बज्राचार्य, मध्यकालका ऐतिहासिक सामग्री धरः पौ, ने.ए.अ. केन्द्रमा प्रस्तुत अप्रकाशित प्रतिवेदन) ।

आधुनिककालमा या शाहकालमा गुठी व्यवस्था अध्ययनका दृष्टिले उल्लेखनीय रहेको पाइन्छ । प्राचीन कालदेखि नै परम्परागत रूपले चल्दै आएको गुठी व्यवस्थाले यही कालमा आएर संस्थागत रूपले विकास हुने मौका पायो । अर्थात् लिच्छवि र मल्ल कालसम्म पनि गुठीलाई व्यवस्थितरूपले संचालन वा समायोजन गर्ने कुनै निकाय थिएन । यो केवल सत्य, धर्म, निष्ठा र इमान्दारिमा आधारित थियो । तर यसकालमा आएर लिपिवद्ध ऐन, नियमद्वारा गुठीलाई सुरक्षित र उपयोगी बनाउदै लैजाने नीति लिएको पाइन्छ । प्रारम्भदेखि नै शाहवंशीय राजाहरूले गुठीप्रति उपयुक्त एवं स्पष्ट दृष्टिकोण लिएको पाइन्छ । जुन कुरा रामशाहको पालामा गुठी राख्दा अंग पूरा गराई राख्नुपर्छ भन्ने भनाइबाट पुष्टि हुन्छ । जसअनुसार "अघि ब्राह्मणलाई जग्गा दिँदा फनानु डाँडो, फलानो खोला, फलानो रूख, फलानो काल्नोभित्रको जग्गा दियौं भन्ने मात्र थियो । यति मुरी, यति रोपनी, यति खेत भन्या ठेगान ………… उप्रान्त श्री देवता ब्राम्हणमा बिर्ता आदि संकल्प हुँदा श्री ५ महाराजाधिराजको भूमि, यति रोपनी भनी जति बक्सनु भयाको संकल्प गर्नु । चौतारीयाको झारी क्या निमित्त भन्या आफ्ना भाई हुन् । भाई भन्याका मुख्य अंग हुन् (रेग्मी, २०३६: १५७) । उपर्युक्त विधान नपुऱ्याई गुठी दिएमा गुठी बिर्ताको अस्तित्त्वहीन हुन्छ भन्ने दृष्टिकोण त्यसबेला रहेको थाहा हुन्छ ।

पृथ्वीनारायण शाहले पनि दोलखामा अघिका गुठी बिर्तासम्बन्धी स्थिति बन्दोवस्त

गराएका थिए भने वि.स.१८२४ मा सुमेर गिरीले भमरकोटमा महादेवलाई चढाएको गुठी खेल थामी व्यवस्था बाँध्दा राजाले हरण गरी नखानु, सुमे गिरीका सन्तानले बेची बिखनी वा अंश नखानु, देवताको पूजा गर्नु, गुठ गर्नु, सदावर्त गर्नु, पूजा गर्नेलाई दिनु, देवल पाटी बिग्रंदा बनाउनु, जो चुकला त्यसलाई पंच महापाप लाग्ला, (टण्डन, २०५२: २७) भनी उल्लेख गरिएको पाइन्छ । साथै आम्दानी खर्चको फाँटवारी तयार पनि यसै कालबाट थालनी भएको पाइन्छ ।

विभिन्न स्रोतहरूबाट प्राप्त जानकारीका आधारमा अध्ययन गर्दा गुठी जग्गा राजा वा जनताका तर्फबाट राखिएको पाइन्छ । तापनि यसकालमा दुनियाँमा बिन्ती अनुसार श्री ५ बाट नै रैतीलाई गुठीको जग्गा प्रदान गर्ने तथा श्री ५ बाट बिर्ता वण्डा भएको जग्गालाई दुनियाँले आफनो निजी गुठीका रूपमा राख्न पाउने व्यवस्था समेत भएको पाइन्छ । उदाहरणका लागि वि.स.१९०९ मा श्री ३ प्राइमिनिष्टरकी जेठी रानी नन्दकुमारी देवीले आर्य तीर्थमा मुर्दा दाह गर्नका लागि दुनियाँको स्रोत केही नभएकाले मुर्दा दाह गर्न पनि सक्दारहेनछन् । दाह गर्नलाई केही गुठी बक्स हुने भएको थियो भनी श्री ५ मा बिन्ती चढाएको हुदाँ सो बमोजिम टोखाको जमिन (खेतवारी, पाखो, बाँझो) सबै मिलाई किल्ला कोइला गरी दिनका लागि श्री ५ बाट हुकुमबक्स भएको थियो (थापा र अन्य, २०५४: २५५) ।

वि.सं. १९०५ साल मार्ग १४ गते रोज ६ का दिन तलेजुका गुठीयारहरूले श्री ३ जंगबहादुर मार्फत "श्री ५ मा उक्त गुठीको जग्गा कचपच पर्न गयो र त्यसको सट्टा अन्यत्रै बक्स भएमा कचपच पर्ने थिएन" भनी बिन्ती गर्दा त्यसको सट्टा गुठीलाई हिटिचोक सेराको खेल साँध सिमाना लगाई दिएको देखिन्छ (थापा, २०५४ : २१) । राणाशासन प्रारम्भ भएपछि भने गुठीको काम कारवाहीमा राणा प्रधानमन्त्रीहरू सक्रिय हुन थाले । वि.स. १९१० को मुलुकी ऐन तथा सवालहरूमा गुठी सदावर्तहरू आफ्नै देशमा राख्न प्रोत्साहन दिइयो । त्यसरी राखिने गुठीहरू कसैको सन्धी सर्पण नपर्ने, रैकर जग्गाबाट दिन सकिने व्यवस्था हुन थाल्यो । गुठी राखेमा ७ पुस्तासम्मले कुलको उद्दार हुन्छ भन्ने भावना पहिले रहेकोमा वि.सं. १९१० को मुलुकी ऐनमा भने गुठी कायम रहे त्यसबाट पुण्य हुन्छ र कायम नरहे पनि राम्रो फल पाइन्छ भन्ने आसय व्यक्त गरेको पाइन्छ (टण्डन, २०५२: २८, उदृत मुलुकी ऐन १९१०, काठमाण्डौं: कानून तथा न्याय मन्त्रालय, २०२२: ९) ।

यस केदारेश्वर महादेव मन्दिर संचालनको लागि २०३१ साल अघि केही जग्गा गुठीको रूपमा रहेको पाइन्छ । जसमा १२-१३ रोपनी खेत र केही पाखो जग्गा रहेको थियो

तर त्यसपछि तत्कालीन श्री ५ को सरकारले अधिग्रहण गरी मन्दिर बेवारिसे भएको भनाइ माथि नै उल्लेख गरिसकिएको छ । त्यसपछि गुठी हरण भएको पाइन्छ । २०५१ सालमा पोखरा उपत्यका नगर विकास समितिबाट ४ रोपनी जग्गा मन्दिर परिसरमा उपलब्ध गराई महादेवको मन्दिर बनेको र हाल आएर उक्त समितिसँग सरसल्लाह र छलफलबाट मन्दिरको परिसर बाहेक पूर्वपश्चिममा गरी ३३ रोपनी जग्गा उपलब्ध गराउने जानकारी भएको कुरा खुल्न आएको पाइन्छ (अधिकारी, अन्तरवार्ता) ।

उक्त मन्दिरको व्यवस्थापनका लागि विविध चन्दा सहयोगको जानकारी माथि नै नामेरोल पेश भैसकेको छ । साथै विभिन्न महोत्सवहरू, पुराणहरूबाट संकलित रकम, दान, उपहार जुन मन्दिर निर्माण गरिदिने महानुभावहरूको नाम माथि नै वर्णन गरिएको छ । साथै ढुकुटी संचालनबाट पनि व्यवस्थापन निर्माण गरेको पाइन्छ त्यो पनि माथि नै वर्णन गरिएको छ ।

त्यसका अतिरिक्त उक्त मन्दिर व्यवस्थापनको निमित्त एउटा विवाह सम्पन्न गर्न दिदा रू.२८००। र कुनै मेला लाग्दा एक पसल वगैचामा (मितेरी पार्क) राख्न दिए वापत रू.५००। (क्याटरिङ्ग वापत) लिने गरेको पाइन्छ । त्यस्तै ब्रतबन्ध, पिकनिक आदिमा पनि पार्क प्रयोग गर्न रकम लिएर दिइन्छ । साथै श्रावणको प्रत्येक सोमवार विगत ३ वर्षदेखि लगातार संचालन बोलबम कार्यक्रम "बोलबमको ध्वनिले शान्ति पाउन् साराले" भन्दै पोखरा गाईघाट, नारायणस्थान, सेतीनदीको जल नाङ्गो खुट्टा हिंडी केदारेश्वरको मन्दिरमा चढाउन ल्याउँदा केवल २ वटा सोमवारमा मात्र हिसाब गर्दा भक्तजनहरूले चढाएको पैसा मात्र रू.२० हजार भेटियो भन्ने जानकारी प्राप्त भएको छ (दाहाल अन्तरवार्ता) । यसरी यस मन्दिरमा आम्दानीको स्रोत भएको पाइन्छ तर गुठीको व्यवस्था पाइदैन । साथै यस मन्दिरमा भक्तजनहरूलाई प्रेमपूर्वक पर्वका दिनमा भोजन तथा नास्ता गराउने प्रचलन पनि रहिआएको पाइन्छ ।

### ४.४.१.३ पूजा अर्चनाः

केदारेश्वर मन्दिरमा हरेक दिन बिहान साँझ नियमितरूपमा पूजापाठसहित पाञ्चायन देवताको पूजा अर्चना हुने गर्दछ । बिहानमा सबेरै उठी मन्दिरका मूर्तिहरू, शंख र घण्ट चोखो जलले सफा गरी जल, धुप, अक्षेता, फल, फूलपत्र, अगरबत्तीको सुगन्धसहित दीप प्रज्वलित गरी पूजा गरिन्छ । श्रावण महिनामा बाहेक बिहान हरेक दिन पण्डितबाट रूद्री पाठ हुन्छ । श्रावण महिनामा भने शिव महापुराण जसमा २४ हजार श्लोक हुन्छन् त्यो पाठ

गरी सिध्याउनुपर्ने चलन छ (दाहाल, अन्तरवार्ता) शिव धुनी मन्दिरमा चौबिसै घण्टा धुनी या अखण्ड धुनी भइरहन्छ ।

### ४.४.१.४ विशेष पूजा तथा मेला पर्वः

यस केदारेश्वर महादेव मन्दिरमा प्रत्येक दिन बाहेक विशेष दिनहरूमा जस्तैः विगत ३ वर्षदेखि "बोलबम्को ध्वनिले शान्ति पाउन् साराले" पुकारका साथ पहाडी भेकमा शान्ति पद शिव तीर्थ यात्रा (बोलबम्) कार्यक्रम हरेक सोमवार र खास गरेर पहिलो र अन्तिम सोमवार श्रावण महिनामा पोखरा उपमहानगरपालिका १ गाईघाट (शुक्ला गण्डकी) बाट बिहान ६.३० बजे पुगी स्नानादि गरी खाली खुट्टा पैदल हिंडी यस केदारेश्वर महादेव मन्दिर (शिवलिंग) मा जल चढाउने कार्यक्रम हुँदै आएको राष्ट्रियस्तरका मिडियाहरू, पत्रपत्रिका, रेडियो नेपाल, अन्नपूर्ण पोष्ट, काठमाण्डौ पोष्ट, कान्तिपुर आदिबाट प्रचार-प्रसार भैआएको छ। (अन्नपूर्ण पोष्ट, अंक ९३, पृष्ठ १२, श्रावण २०६३, २ गते), (काठमाडू पोष्ट, जुलाई १८, २००६, पेज १ मा), (कान्तिपुर, २०६३।४।२, वर्ष १४, अंक १५०, पृ.१४, काठमाडौं) । साथै उक्त पत्रिकाहरूमा बोलबम् कार्यक्रम चित्रसहित खिचेर प्रचार गरको पाइएको छ ( परिशिष्ट नं. ७, ८ र ९) ।

प्रत्येक तीजमा पनि यहाँ तीज गितको प्रतियोगिता हुन्छ। हजारौं महिला सहभागी हुन्छन् (वराल, अन्तरवार्ता) । त्यस्तै प्रकारसँग शिवरात्रीको अवसरमा पुरस्कारसहितको भजन किर्तनको महोत्सव हरेक वर्ष हुने गर्दछ ।

त्यस्तै प्रकारसँग हरेक साल विजया दशमीको अवसरमा घटस्थापना सम्पन्न गरी दुर्गा माताका मूर्तिहरू स्थापना गरी नवैरात्रमा पूजा गर्ने प्रचलन छ । दुर्गालाई शैलपुत्री, ब्रम्हचारिणी, चन्द्रघण्टा, कुष्माण्ड, स्कन्धमाता, कात्यायनी, कालरात्री, महागौरी, सिद्धिदात्रीको रूपमा मानी उपासना गर्ने गरिन्छ ।

त्यस्तै प्रकारसँग साईराम भजन तथा विभिन्न भजन किर्तन पनि हुने गर्दछ। सोही अनुसार महाशिवरात्री पर्व, बैशाखे सक्रान्ति, साउने सक्रान्ति, माघे सक्रान्ति आदि विविध अवसरहरूमा पनि विशेष पूजाआजा तथा मेलापर्वहरू लाग्ने गर्दछन् (अधिकारी तथा पहारी, अन्तरवार्ता) ।

### ४.४.१.५ विशेषता तथा महत्वः

#### ४.४.१.५.१ विशेषता

पोखराका अन्य मठमन्दिरहरूका बीच श्री केदारेश्वर महादेव मन्दिरको एक छुट्टै प्रकारको आफ्नै विशेषता पाइन्छ, त्यसैले यसले खास महत्त्व राख्दछ। यस सम्बन्धमा केही आधारहरू निम्नानुसार पाउन सकिन्छ।

१. मन्दिरहरू छाने वा पेगोडा शैलीमा हुनु।

२. यसमा (शिव, देवी, भगवती, सूर्य, गणेश, विष्णु) पाञ्चायन देवताकासँगै तिनका भिन्न मन्दिर रहेकाछन्।

३. फेवाताल नजिक हुनाले पर्यटकीय हिसाबले विकास गर्न सकिने (प्राचीन "प्रौढ गंगा" तटमा ऋषि आश्रम स्थल समेत छन्)।

४. विशाल मितेरी पार्कको एक स्थानमा बनेको, जहाँ मितेरी पार्कको र पोखरा उ.न.पा.ले रकम संकलन गर्न भोज भतेर र बजार लगाउन दिएको।

५. मन्दिरसम्म पुग्न विशेष प्रकारका ढुंगा बिछ्याइएको लामो बाटो अनौठो शैलीमा पक्की सडकबाट ढोका हुँदै भित्रसम्म बनेको पाइन्छ।

६. मन्दिर विशाल पार्क भएको र ताल तथा रानीवन पनि सँगै पारिपट्टि रहेको।

७. हिमालयको मनोरम दृश्य देख्न पाइने।

८. छिमेकी बासिन्दा अति धार्मिक भएको।

९. नेपालका रेडियो, टेलिभिजन जस्ता विशेष मिडियाद्वारा प्रचार-प्रसार भएकाले विदेशीहरू समेत आकर्षित हुने गरेको।

१०. पर्यटकहरूलाई बस्न यस क्षेत्रमा ४/५ सय होटलहरू उपलब्ध भएको तथा मुल्थोकमा मात्र ४०/५० वटा होटलहरू भएको।

११. पार्क ग्रीनलैण्डको अवधारणामा विकास भएको।

१२. विभिन्न चार्डपर्वमा ठूलो मेला लाग्ने र भजन किर्तनको प्रतियोगिता पनि उक्त अवसरमा हुने गरेको ।

१३. श्रावण महिना भरी प्रत्येक वर्ष श्रीमद् भागवतको २४ हजार पाठ गरिसक्नुपर्ने।

१४. प्रत्येक सोमवार र श्रावणका सबै सोमवार बोलबम् कार्यक्रममा विदेशबाट र खास गरेर भारतबाट भक्तजनहरू पनि आउने गरेको।

१५. चन्दादाताहरूले आफ्नै निजी खर्चबाट मन्दिर एवं मन्दिरसँग सम्बन्धित अन्य भौतिक पूर्वाधारको निर्माण गरिदिएका (तर गुठी सरकारी जग्गाबाट आम्दानी नभएको) ।

१६. विगत ३ वर्षसम्म लगातार नवदुर्गा महोत्सव भएको ।

१७. पञ्चमहालक्ष्मी पूजा पहिलो पटक पोखरामा सम्पन्न भएको ।

१८. २०६० मा दशौ महोत्सव भएको ।

१९. केदारेश्वर महादेव मन्दिर संचालक समितिबाट चलेका विविध कार्यक्रमहरू ।

 क. प्रौढ शिक्षाः क्षेत्रीय शिक्षा निर्देशनालयबाट उपलब्ध गरी ५०/६० जना साक्षर भएका,

 ख. योग तथा ध्यान सिविर २०६२ बाट ।

 ग. कृषि तालिम संचालन ।

 घ. फोहोरलाई मल बनाउने व्यवस्थापन तालिम संचालन ।

२०. शिव मन्दिरलाई पुरानै राखी गुरूयोजना (Master plan) अनुसार विशाल शिव मन्दिर निर्माण गर्ने योजना रहेको ।

२१. सत्तल १६ खुट्टे हुनु अर्को विशेषता हो, जुन मल्लकालीन शैलीको छ ।

२२. शिखर शैलीमा केदार मन्दिर हुनु ।

२३. मल्लकालीन विशेषताका तेलिया ईट्टा प्रयोग हुनु (मन्दिर र पौवामा) ।

२४. मन्दिर परिसरमा पानी तथा धाराको व्यवस्था ।

२५. विवाह, ब्रतबन्ध, पिकनिक आदिको व्यवस्था गर्न सुविधाजनक ।

२६. मितेरी पार्कमा १०० रोपनी जग्गा पर्खाल, रेलिङ् सहित कम्पाउण्डिङ्ग भएको (विविध वृक्षारोपण गरिएको जग्गा रूख बोट लगाउने योजना) ।

२७. कलात्मक किसिमको व्यास मन्दिर निर्माण ।

२८. स्वच्छ पानी लोकन्ती डाँडाबाट ल्याएको ।

२९. भक्तपुर र पाटनबाट पुराना शैलीमा (बुर्जा, झ्याल, ढोका बुट्टा) बनेको ।

३०. फेवा परिसर ५/६ कि.मी. लामो र ५०/६० फिट गहिरो तथा प्रख्यात रहेको ।

३१. नेपाली विविध जातिको सँगम स्थल ।

३२. प्रत्येक दिन शिव पाञ्चायन देवताको हवन तथा पाठ पूजा ।

३३. सप्तसती चण्डी पाठ (७ सय श्लोकको दुर्गा पूजामा) गर्ने गरेको ।

३४. शिव धुनी मन्दिर हुनाले अहोरात्र (२४ सैं घण्टा) धुनी भैरहने अर्को महत्त्व तथा विशेषता हो ।

३५. उपाध्याय ब्राम्हणबाट मात्र मन्दिरको पुजारी व्यवस्था तथा १ जना पियनको मन्दिर रक्षार्थ समेत व्यवस्था ।

३६. बाँध बनाउने क्रममा फेवा तालमा एक कालो मणि (शिला) भेटिएको र त्यसैलाई शिवलिङ्ग भनी पूजा गर्ने गरेको । नत्र केदारेश्वर महादेवको पूजा गर्न भारतको सितामणि (केदारेश्वर मन्दिरमा) जानु पर्ने ।

३७. यहाँ धर्मप्रति जागरूक महिला तथा पुरूषहरूको सक्रिय सहयोग रहेको ।

३८. अर्को विशेषता मितेरी पार्कको कम्पाउण्ड रहेको छ, जुन कोमागाने र पोखरा उ.म.न.पाको संयुक्त लगानीमा बनेको छ ।

३९. अखण्ड ज्योति बाबा स्वामी श्री जी च्यारिटेवल ट्रष्टको आयोजनामा पोखरामा पहिलो पटक भएको श्री पंच महालक्ष्मी पुजन नववर्ष शुभकामना श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञ २०५९ बैशाख १-७ मा " बाट प्राप्त हुने राम्रा कुरा वा विशेषताः

  क. श्री महालक्ष्मीः यिनको आराधनाले सुख समृद्धि वैभव प्राप्त हुने ।

  ख. श्री सम्पत्त लक्ष्मीः स्थायी सम्पत्तिको अनुगमन, संरक्षण तथा सम्बर्द्धन ।

  ग. श्री भोग लक्ष्मीः संचित आर्जित सम्पत्तिको सदुपयोग तथा उपयोग गर्ने शक्ति प्राप्त हुने ।

  घ. श्री ज्ञान लक्ष्मीः व्यवहारिक, संसारिक तथा परमार्थी यर्थाथ ज्ञान प्राप्त हुने ।

  ङ. श्री मोक्षलक्ष्मीः दुःखको संसार सागरबाट छुटकारा प्राप्त गरी असिम आनन्द प्राप्त भई मुक्तिको गति प्राप्त हुने (अधिकारी, २०५९: २) ।

४०. टाढा-टाढाका भक्तजनको पनि मन्दिरमा योगदान हुनु ।

४१. पोखराको मुटुमा रहेको हुनाले एक पटक पोखरा आउने व्यक्ति जो कोही पनि फेवाताल हेर्न अवश्य पुग्ने हुदाँ यसको किनारामा रहेको यस मन्दिरमा उनीहरूको दृष्टि पुग्नु अर्को विशेषता हो ।

**४.४.१.५.२ महत्त्वहरू:**

पोखरा उपत्यकामा रहेका मठ मन्दिरहरूको आफ्नौ प्रकारको महत्त्व रहेको पाइन्छ । ती महत्त्वहरू निम्नानुसार रहेको पाइन्छ ।

१. मन्दिर पेगोडाशैलीको हुनाले पहाडी डाँडाहरूमा हुने कोणधारी जंगलको जानकारी दिन्छ । जसले जस्तो वातावरण जुन ठाउँको छ सोही ठाउँमा निर्मित मठमन्दिरले पनि प्रकृतिसँगको तादम्यता जनाएको मानिन्छ । यसको अर्थ बृक्षको आकृतिमा मन्दिरको निर्माण भएको पाइन्छ । यसमा प्रकृतिको नक्कल भएको बुझिन्छ ।

२. एकै ठाउँमा धेरै देवताको पूजाअर्चना गर्न पाइनाले समय र आर्थिक स्रोतको बचत हुने देखिन्छ ।

३. मूलद्वारबाट मन्दिरसम्म पुग्न ढुंगाको छपनीयुक्त बाटो निर्माणले आवतजावतमा सुविधा भएको छ ।

४. मन्दिर पेगोडाशैलीमा निर्मित हुनुका साथै मन्दिरबाट हिमालको दृश्य देखिनुले आन्तरिक तथा बाह्य पर्यटकहरूको आगमनमा बृद्धि हुने देखिन्छ ।

५. मन्दिर परिसरको क्षेत्रफल धेरै हुनुले मन्दिरभित्र नै मितेरी पार्क निर्माण भएको हुँदा धेरै संख्यामा मनोरंजन र धार्मिक दुवै हिसाबले बृद्ध तथा युवा जमातको आवागमन भएको ।

६. वरिपरिका स्थानीय बासिन्दाहरूमा मन्दिरले गर्दा धार्मिक भावनाको अभिरुचीमा बृद्धि हुन जाने ।

७. मन्दिरको प्रचार प्रसारले गर्दा मन्दिरको दर्शन गर्ने भक्तजनहरू बृद्धि हुन गई मन्दिरको आर्थिक विकासमा बृद्धि हुन गएको ।

८. मन्दिरको क्षेत्रफल धेरै भएको हुँदा धेरै संख्यामा श्रद्धालु भक्तजनहरू अटाउन सक्ने ।

९. मन्दिरको आडमा फेवाताल समेत रहेको हुनाले एकै पटकमा मन्दिर र तालको भ्रमण गर्न सकिने ।

१०. मन्दिरको आडमा घना जंगल (रानीवन) रहेको हुनाले वन्य जन्तुको पनि अवलोकन गर्न सकिने ।

११. हरेक दिन मन्दिरमा हवन तथा पूजापाठ हुनुले धार्मिक आस्थामा मानिसको विश्वास हुनु ।

१२. विशेष चाडपर्वहरूमा पुरस्कार सहितको प्रतिस्पर्धात्मक भजन किर्तन, लोकगीत, तीजगीत आदिको आयोजना हुनुले हरेक वर्ष प्रतियोगिहरूको बृद्धि हुँदै जानु ।

### ४.४.२ श्री गणेश मन्दिरः

श्री केदारेश्वर महादेव मन्दिर परिसरको मूल शिव मन्दिरको पूर्वाभिमुख भई हेर्दा दाँयापट्टि श्री गणेश मन्दिर रहेको पाइन्छ । यो मन्दिर पनि पूर्व अभिमुख गरी रहेको पाइन्छ । यो मन्दिरको आधार जग १.५ फिटमा खडा गरिएको छ । गणेश मन्दिरको अगाडि गणेश भगवानको वाहन मुसाको सिमन्टेड मूर्ति रहेको पाइन्छ । मन्दिरको काठले बनेको एउटा मात्र ढोका छ, जुन कलात्मक किसिमले बनेको छ । मन्दिरको दाँया र बाँया भागमा साना १/१ वटा काठका आँखी झ्याल रहेका छन् । मुसाको मूर्ति मन्दिरको सम्मुख फर्केको पाइन्छ । यस मन्दिरको दाँया वगलमा (अगाडि पट्टि) दुई वटा ढोका टाइपका कलात्मक ईटा र सिमेन्ट जडित खम्बामा एक अन्दाजी ४ के.जी. को घण्टा (ठूलो) झुण्डाएको पाइन्छ । उक्त मन्दिरको बनोट एक छाने शैलीमा बाहिर झिंगटी (खपडा) ले बनेको छ भने भित्र पूरा झिंगटी मूर्ति सिमेन्टेड ढलान गरी बनाइएको छ । मन्दिर १६.५ फिट उँचाइको, लम्बाइ ८.५ फिट र चौडाइ ४.५ फिट रहेको आधार जग सहित आधार २ तहमा रहेको छ । साथै मन्दिरमा सिमेन्टका छड्के खम्बा चारैतिर छानामा अडेस लगाएर रहेका छन् ।

यो मन्दिरमा गणेश भगवानको मूर्ति रहेको पाइन्छ । साँझ बिहान पुजारीबाट शंखघण्ट ध्वनिका साथ प्रतिदिन गणेश भगवानको पूजा गरिन्छ । गणेश भगवानको पूजा नगरी अरू देवताको पूजा गर्नु अपूर्ण नै मानिन्छ । हामीहरूको संस्कार पनि पहिला भगवान गणेशलाई कुनै पनि पूजाआजामा पूजा गर्ने चलन भई आएको छ । जस्तै दीप, कलश र गणेश स्थापना गरेर मात्र अन्य कर्म गरिन्छ । कुनै भोजन अर्पण या नैवेद्य अर्पण भगवान गणेशलाई नगरी कार्य सिद्धि हुँदैंन भन्ने चलन वा परम्परा रही आएको छ । महिला दिदीबहिनीहरूले पुत्र प्राप्तिको लागि पनि भगवान गणेशको आराधना गरेको पाइन्छ ।

श्री गणेश भगवानको मन्दिरको निर्माण मातृ शक्तिबाट गरिएको पाइन्छ । यस मन्दिरमा पाटन औद्योगिक क्षेत्रमा तयार भएका काठका मूर्तिहरू पित्तले गजुर १.५ फिटका मूर्तिहरू झ्याल ढोकाहरू प्रयोग भई आएका छन् । भक्तपुरका कालिगढहरूद्वारा निर्माण कार्य गराइएको हुनाले पनि मन्दिरमा पौराणिकता झल्किएको छ (फोटो ५) ।

### ४.४.३ श्री सूर्य मन्दिरः

श्री केदारेश्वर मन्दिरको निर्माण श्री गणेश भगवानको मन्दिरको सामुन्ने पारिपट्टि गरिएको छ (फोटो ६) । यसको पनि गणेश भगवानको मन्दिर सरह नै लम्बाइ, चौडाइ र उँचाइ रहेको पाइन्छ । आधार पनि उही हिसाबले पाइन्छ । यो मन्दिर पश्चिमउत्तर भन्नाले गणेश मन्दिरको आमुन्ने सामुन्ने रहेको । यी मन्दिरहरूको बीचबाट ढुंगा १.५ मीटर छापेको बाटो चारैतिर बनाइएको छ । यस मन्दिरको दाँयातिर गणेश मन्दिरमा जस्तै घण्ट राखिएको छ । यस मन्दिरको पनि छानो गणेश मन्दिरको जस्तै गरी निर्माण भएको छ । छानो पूरै सिमेन्टेड ढलान भै झिंगटीले बाहिरबाट निर्माण गरी ४ पाटामा बनेको छ । ढोका, झ्याल काठको गणेश मन्दिरकै सरह बनेका छन् । यो मन्दिरको अगाडि सूर्य भगवानको वाहनको रूपमा सिमेन्टेड घोडाको मूर्ति उभिएको रूपमा छ । यस मन्दिरमा सिमेन्टेड छड्के खम्बाहरू छानामा अडेर लागेका छन् तथा गजुर पित्तलको १.५ फिट लामा छन् । यी मन्दिरमा प्रयोग भएका ईट्टाहरू पौराणिक रूपमा लिच्छविकालीन मठमन्दिरका कलाकृतिकै रूपका पाइन्छन् । ऐतिहासिकता, पौराणीकता झल्किने गरी भक्तपुरका कालिगढद्वारा निर्माण गराइएको देखिन्छ । त्यसैले महत्वपूर्ण धार्मिक पर्यटकीय रूपले विकास हुने सम्भावना बढेर गएको पाइन्छ । यो मन्दिर निर्माण श्रीमती जगतकुमारी भट्टराईज्यूले आफ्नो निजी खर्चमा आफ्ना स्वर्गीय ससुरा ना.सु. श्री भक्तबहादुर भट्टराई, स्व.सासूहरू, स्व.पति श्री योगेन्द्रबहादुर भट्टराईज्यू र स्व.बहिनी सीता भट्टराईज्यू तथा स्व.सम्पूर्ण पितृहरूको पुण्य स्मृतिमा सम्पन्न गर्नुभएको थियो (परिशिष्ट १०) । यी भगवानको पूजा पनि नियमित रूपमा साँझ तथा बिहानमा मन्दिरका पुजारीद्वारा शंख, घण्ट ध्वनिका साथ गर्ने गरिन्छ । मन्दिर भित्र एक रातो चँदुवा पनि रहेको छ ।

### ४.४.४ श्री दुर्गा भगवतीको मन्दिरः

श्री केदारेश्वर मन्दिरको शिवजीको मन्दिरको पूर्वाभिमुख हुँदा बाँयापट्टि श्री दुर्गा भगवती मन्दिर देखिन्छ । यो मन्दिरको अगाडि सिद्धको मूर्ति सिमेन्टेड रहेको छ । यो मन्दिरको गाह्रो ईट्टा र सिमेन्ट जडान गरी निर्मित गरिएको छ । दुर्गा भगवतीको शिलामूर्ति मन्दिर भित्र रहेको छ । झ्याल तथा ढोका काठका प्राचीन ऐतिहासिकता झल्कने गरी भक्तपुरे कालिगढद्वारा निर्मित छन् । यस मन्दिरको उँचाइ, लम्बाइ र चौडाइ गणेश मन्दिरकै सरह छ । छानो शैलीको एक तले सिमेन्टेड ढलान, छानो ४ पाटे र झिंगटी (खपडा) बाहिर लगाइएको छ । पित्तलको गजुर १.५ फिट रहेको पाइन्छ । यो मन्दिर श्री कृष्ण

भट्टचनज्यूको निजी खर्चमा निर्माण भएको हो र घण्ट गणेश मन्दिरमा जस्तै गरी तर बाँयातिर रहेको काठमाडौं भोटेबहाल निवासी श्रीमती सावित्री शेरचन र बहिनी श्रीमती तारा शेरचन ल.पु. बागवहालले २०५८ साल फाल्गुन महाशिवरात्रीमा समर्पण गर्नुभएको थियो (परिशिष्ट ११)। केदारेश्वर मन्दिर परिसरका बाटामा ढुंगा छापेको छ (फोटो ७)। यस मन्दिरमा दुर्गा भगवतीको पूजा पनि नियमित रूपमा पुजारीबाट नै हुने गर्दछ। श्री दुर्गा भगवती शक्ति स्वरूपा भगवतीको रूपमा स्वीकार गरिन्छ (फोटो ८)।

### ४.४.५ श्री विष्णु मन्दिरः

श्री विष्णु भगवानको मन्दिर श्री दुर्गा मन्दिरको सिधा सामुन्ने अगाडि रहेको यस मन्दिरको बाँयातिरको घण्टा दुर्गा मन्दिरतिरबाट हेर्दा देखिन्छ। यस मन्दिरको निर्माण वैदाम, पोखरा-६, मूलथोक निवासी श्रीमती लक्ष्मी बरालज्यूले आफ्नै निजी खर्चमा गरिदिनु भएको हो। यो मन्दिर पनि छाने शैलीमा निर्माण गरिएको छ। मिति २०५८ साल फाल्गुन महिनामा निजका स्वर्गीय पति गंगाप्रसाद र छोरा गिरिधारी बरालको पुण्य स्मृतिमा बनाइदिनु भएको हो (परिशिष्ट नं.१२)। उक्त मन्दिरमा पनि १ काठे ढोका र २ साना झ्याल छन्। यी पनि भक्तपुरे कालिगढले बनाएका हुन्। यो मन्दिर पनि ईट्टा तथा सिमेन्टको जडानबाट बनेको छ। यो पनि पौराणिक शैलीमा निर्मित छ। यो मन्दिर पनि गुरू योजना अनुसार नै बनेको छ। यसको निर्माणमा मन्दिरको माथि एक १.५ फिट पित्तलको गजुर र मन्दिरको लम्बाइ, चौडाइ र उँचाइ देवी वा गणेश मन्दिरको जति नै रहेको छ (फोटो ९)। पूरा छानो ढलान र ४ पाटे बाहिरपट्टि झिंगटीले छाएको छ। यस मन्दिरमा पनि दैनिक साँझ बिहान मन्दिरका पुजारीद्वारा नियमित रूपमा शंख, घण्ट ध्वनिका साथ पूजाआजा गर्ने गरिन्छ। यसको अगाडि गरूडको मूर्ति सिमेन्टेड छ। विष्णुको वाहन गरूड हुनाले यो वाहनको स्थापना गरिएको हो।

### ४.४.६ अखण्ड शिव धुनी मण्डपः

यो मन्दिर श्री विष्णु मन्दिरको दाँयापट्टि रहेको छ (फोटो १०)। यो मन्दिर पनि शिव मन्दिरपट्टि फर्किएको छ । यो मन्दिर सूर्य र विष्णु मन्दिरका बीचमा छ। यसको छानो पूरा ढलान गरिएको पाइन्छ। यो पनि ४ पाटे छ तर झिंगटी राखिएको छैन। यस मन्दिरभित्र धुनी लगाइ राखिन्छ। चौबीसै घण्टा अखण्ड रूपमा शिव धुनी आगो रहिरहन्छ। मूढाहरू बलिरहेका हुन्छन्। आफ्ना पितृहरूको स्मृतिमा कालिका-३, सिद्धिपुर, निवासी श्री उमा

भण्डारीले २०५६ सालमा यो मन्दिर निर्माण गरिदिनु भएको हो भन्ने अभिलेखमा स्पष्ट गरिएको छ (परिशिष्ट १३) । यस मन्दिर (मण्डप) को लम्बाइ ३ मिटर, चौडाइ २.५ मीटर र उँचाइ १२ फिट गरी विष्णु मन्दिरकै गरी २ फिट चौडा गरी निर्माण गरिएको छ । यसमा पनि सिमेन्टद्वारा निर्मित छड्के खम्बाहरू मन्दिरको भित्ताबाट छानामा अडेर लगाइरहेका छन् । यसको काठको पेटी छ, जसमा चारैतिर विभिन्न प्रकारका आकृतिहरू जस्तैः भैरव, मशाल बत्ती, शंख, ऐना, कलम, कलश मध्य फर्केका (एक अर्कातिर) माछा र सबैको बीच बीचमा भैरवका आकृति रहेका छन् ।

### ४.४.७ होमनशालाः

यो होमनशाला श्री गणेश मन्दिरको पश्चिमपट्टि तथा व्यास मन्दिरको दक्षिणपट्टि निर्मित रहेको छ (फोटो ११) । यो गणेश मन्दिरबाट १२/१५ हात टाढा रहेको छ । गाह्रो सिमन्टेड र ईट्टाबाट बनेको छ । यस होमनशालाको दक्षिणपूर्वपट्टि अगाडि १ मिटर खुला रहेको छ । यसको पेटी २ फिट रहेको छ । यसको ३ तिर १ मिटर चौडा रहेको छ । यहाँ विशेष पुराण, विवाह, ब्रतबन्ध आदिमा होम गर्ने गरिन्छ । यो होमनशाला पनि पूरै छाने शैलीको ढलान गरिएको छ । यसमा छानो माथि एउटा १.५ फिटको पित्तले गजुर रहेको छ । सिमेन्टेड खम्बा ४ वटा रहेका छन्, ३ तिर ईट्टा, सिमेन्ट जडान गरी गाह्रो लगाइएको छ । होमनशालाको उँचाइ १२ फिट, लम्बाइ २.५ मिटर र चौडाइ २ मिटर रहेको छ । यो होमनशालाको पश्चिमी मैदानी डिलमा फेवाताल रहेको छ । यसको निर्माण श्री धनपति अधिकारीज्यूको निजी खर्चमा गरिएको हो ।

### ४.४.८ चतुर होमशालाः

यस केदारेश्वर महादेव मन्दिरको कम्पाउण्डको ठीक दक्षिणपूर्वपट्टिको कुनामा अथवा सूर्य मन्दिरबाट दक्षिणपट्टि यस चतुर होमशाला रहेको छ (फोटो १२) । टिनको छानो भएको यस चतुर होमशालाको लम्बाइ ३५ फिट, चौडाइ १२ फिट र उँचाइ ७ फिट रहेको छ । यस मन्दिरका फलामका खाँवा, पूर्वपट्टि ढुंगा र सिमेन्टको गाह्रो १.५ मिटर, पश्चिमपट्टि फलामे वार, टिनको छानो २४ फिट रहेको छ । यसमा ४ वटा होमन कुण्ड रहेका छन् । जुन १/१ मिटर वर्गाकारका छन् । यहाँ विशेष कार्यक्रमका अतिरिक्त विवाह, ब्रतबन्ध आदिमा यस होमशालाको प्रयोग गर्ने गरिन्छ ।

### ४.४.९ ओमकार मण्डपः

यो चुतुर होमशालाबाट ८/१० फिट टाढा उत्तरपश्चिमपट्टि भिरालो गरी दुवाको एउटा मण्डप उठाएको पाइन्छ। यसमा पश्चिमपट्टि भिरालो (Slope) बनाइएको छ। लगभग ४ फिट लामो ३ फिट चौडा र पूर्वपट्टि अग्लो (गाह्रो रूपमा) ३ फिट अग्लो बनाइएको छ। यो जुन मण्डप छ त्यसलाई ओमकार मण्डप भन्ने गरिन्छ। त्यसको माथिल्लो सतहमा धार्मिक स्थानका नदीनालाबाट ल्याइएका शिलाहरूले छापिएको छ। त्यही ओमकार मण्डपको वगलमा दक्षिणपूर्वमा एक सिमेन्टेड नागको मूर्ति रहेको पनि पाइन्छ ( फोटो १३)।

### ४.४.१० व्यास मन्दिर (सत्तल) तथा यस परिसरमा रहेका अन्य वस्तुहरूः

केदारेश्वर मन्दिर शिवजीको मन्दिरको उत्तरपश्चिममा एक तले ढलानसहित भव्य महल रहेको छ (फोटो १४)। जसलाई व्यास मन्दिर भनिन्छ। यस मन्दिरमा १६ वटा ईंट्टा र सिमेन्टले बनेका खम्बाहरू १२/१२ इन्चका रहेका छन्। यस मन्दिरको उत्तरपश्चिममा केही भाग सिमेन्ट, ईंट्टा जडान गरेर गाह्रो लगाइएको छ। यस मन्दिरको भुईं ढलान गरिएको छ। यसमा ढलानयुक्त छतमुनि कलात्मक हिसाबले ठूला दलिनको आकारमा ५ वटा पूर्व पश्चिम गरी १४/७ इन्चका फलेक जडान गरिएका छन् भने उत्तरदक्षिणमा ४ वटा १४/७ इन्चका नै ठूला फलेकका दलिन आकार दिइएको छ (फोटो १५)। यत्तिकै हेर्दा दलिनै हुन जस्तो देखिन्छ। त्यस्तै प्रकारसँग बीचमा साना काठका फलेक करंगेको रूपमा १८ वटा ३/४ इन्चका फट्टा ठोकिएको पाइन्छ। ती ढलानमुनीको छतमा सिलिङ्गको रूप दिइएको छ।

साथै मन्दिरको चारैतिर १.५ मिटरको चौडा गरी सिमेन्टेड ढलान गरिएको पाली बनाएर त्यसमाथि झिगटीले छाएको छ। त्यस मन्दिरको छतको डिलमा १ मिटर उँचाइको सिमेन्टेड वार चारैतिर राखिएको छ। मन्दिरको छत मुनि ५ वटा पंखाहरू जडान गरिएकाछन्। ती पंखाहरूमध्ये पहिलो पंखा स्वर्गीय पिता गणेशबहादुरको पुण्य स्मृतिमा छोरी चिनु आचार्यबाट प्रदान गरिएको हो। दोस्रो पंखा स्वर्गीय पति बुद्धिबहादुर ढकालको पुण्य स्मृतिमा श्रीमती रमादेवी ढकालद्वारा प्राप्त भएको हो। तेस्रो पंखा श्री शिवभक्त आचार्यद्वारा उपलब्ध गराइएको हो। चौथो पंखामा श्री रत्नबहादुर ठकुरीद्वारा सौजन्य लेखिएको छ। पाँचौ पंखा श्री राजेन्द्र राईद्वारा प्रदान गरिएको सोही पंखामा अंकित छ।

शिवलिङ्गलाई एउटा रथमा राखी मन्दिर परिसरमा घुमाउने गरी कपडाको छादन सहितको रथ निर्माण गरिएको छ।

साथै केदारेश्वर महादेव मन्दिरको गुरूयोजना (Master Plan) एउटा बोर्डमा बनाएर टाँसिएको छ (फोटो १६)। शिवजीको मुख्य मन्दिरको मोडल पनि एक बोर्डमा भित्तामा टाँसिएको  छ। यो मोडेल अनुसारको शिवजीको मन्दिर पछि बन्नेवाला छ (फोटो १७)।

त्यस्तै प्रकारसँग विवाह, व्रतबन्धमा सिंगार पटार राखन धरानको लागि यस मन्दिरको पश्चिमपट्टिको केही भागमा ईंट्टाको गाह्रो सिमेन्टमा जडित गरी कोठी बनाइएको छ। जहाँ कलात्मक एक ढोका र चार झ्यालहरू रहेकाछन्। यस व्यास मन्दिरको तल्लो तलामा एक खाट बनाइएको छ, जसमा मन्दिरका पुजारी हरेक दिन बसी रूद्री पाठ गर्ने गर्दछन्।

त्यस्तै प्रकारसँग व्यास मन्दिरको छतमा जानका लागि चौधवटा २.७५ हात चौडा र एक बित्ता उँचाइका सिमेन्टेड सिंढीहरू मन्दिरको पश्चिमपट्टि भित्तामा रहेका छन्। व्यास मन्दिरको पूरा लम्बाइ ३३ हात र चौडाइ १७.५ हात रहेको छ। छतमा ३ वटा मन्दिर तीन कुनामा बनेकाछन्। प्रत्येक मन्दिरको गाह्राको उँचाइ ५.५ हात, छानाको उँचाइ २ हात र छाना ४ पाटे भिरालो आकारमा रहेका छन्। प्रत्येक मन्दिरमा १/१ वटा कलात्मक ढोका र ३/३ वटा आँखी झ्याल २.५ र १.५ हातका रहेका छन्। ती झ्यालहरू ३ पट्टि रहेका छन्। प्रत्येक मन्दिरमा १३/१३ वटा सिमेन्टका छड्के खम्बाहरू गाह्रो र मन्दिरको छतमा अडेस लगाएर रहेका छन्। जुन खम्बाहरूको लम्बाइ १/१ मिटर रहेको छ र बीचको दुरी १.५ मिटर रहेकोछ। साथै मन्दिरका ढोकाहरू प्रत्येकको ४ र २ हातका र उचाई ६ फिट रहेको छ। छाना ३ फिट चौडा रहेकाछन्। प्रत्येक छड्के पिलरमा विभिन्न आकृतिमा भैरवलगायतका चित्रहरू अंकित छन्। सोही व्यास मन्दिरको तलाका मन्दिर वा सत्तलमा पुजारी र पाले बस्ने तथा आवश्यक सरसामानहरू राख्ने गरिन्छ। व्यास मन्दिरको तल्लो तलाको पश्चिमपट्टि धारा टुटी जडित २ वटा शौचालयका कोठाहरू सटेर रहेका छन्।

त्यस मन्दिरको पश्चिमपट्टि छुट्टै पानी टंकी निर्माण गरिएको छ (फोटो १८)। जुन पानी टंकी पूर्णकुमारी भट्टराई, पोखरा-६, वैदाम निवासीले आफ्ना दाजु स्वर्गीय ले.श्री लालबहादुर थापाको पुण्य स्मृतिमा २०५७ श्रावण २० गते राजे ६ का दिन २ फलामे धारो सहित निर्माण गरिदिनु भएको हो (परिशिष्ट : १४)।

टंकीको पश्चिमपट्टि नजिकै फलामे पाइप जडान भएको धारा पोष्ट निर्माण गरिएको छ। जुन श्रीमती शारदा आचार्य, मीना भट्टराई, राममाया पहारी, सुश्री तारा कुँवार, पोखरा-६, वैदामले मिति २०६० साल वैशाख २१ गते अक्षय तृतीय रविवारका दिन निर्माण

गरिदिनुभएको शिलालेख पाइन्छ (परिशिष्ट : १५) ।

त्यसरी नै व्यास मन्दिरको पश्चिम र धाराको उत्तरपट्टि खाना पकाउने एक टिनको घर अस्थायी रूपमा निर्माण गरिएको छ (फोटो १९) । जस्मा विवाह, व्रतबन्ध आदिमा पकाउने कार्यक्रम गरिन्छ र गाह्रो ब्लकको लगाइएको छ । त्यस गृहको उत्तर पश्चिमपट्टि पर्खाल बाहिर फेवा किनारमा नुहाउने घाट जानका लागि सिंढीहरूको निर्माण गरिएको छ (फोटो २०) । जसलाई पानीघाट भनिन्छ । त्यसका निर्माता श्रीमती ढकालज्यू हुनुहुन्छ । श्री सोमनाथ बरालज्यूले मन्दिरका ठूला घण्टाहरू चढाउनु भएको छ ।

श्री शिव पाञ्चायन मन्दिरलाई कलससहितका पाला श्री हुतराज श्रेष्ठ, श्रीमती तुमला श्रेष्ठ, श्री विष्णु बराल, श्रीमती इन्दिरा बराल, डा.श्री गजेन्द्र उदास र कल्याणी उदासले निजी खर्चमा चढाउनु भएको हो ।

यस मन्दिर परिसरको व्यास मन्दिर सम्पूर्ण भक्तजनहरूको आर्थिक सहयोगबाट निर्माण भएको हो । त्यसमा माथि तलाका ३ कोठाहरू मध्ये एउटा कोठा श्री मेघनाथ, श्री केदार पहारीज्यूकी आमाको स्मृतिमा र १ कोठाको ढलान श्रीमती खिम्तीमाया अधिकारीज्यूले निजी खर्च लगाई निर्माण गर्नुभएको हो ।

यस व्यास मन्दिरमा आउने भक्तजनहरूलाई घामपानी, हुरी बतास, प्यास आदिबाट बचाउनको लागि आश्रम बनाइएको पाइन्छ । यस केदारेश्वर महादेव मन्दिरमा पस्ने मन्दिर परिसरको ढोकामा बायाँपट्टि जुत्ता राख्ने ढलानयुक्त (झिंगटी बिछ्याइएको) छाना भएको एउटा सानो घर छ (फोटो २१) । साथै जुत्ता राख्ने उक्त घरको बांयापट्टि ५ धाराहरू निर्माण गरिएका छन् (फोटो २२) । ती पाइपका धाराहरू हुन र त्यहाँको भुईंमा छापेका ढुंगा (छपनी) हरू तनहूँबाट ल्याएको बताइन्छ (दाहाल, अन्तरवार्ता) ।

उक्त जुत्ता राख्ने घर र ५ धारा निर्माणका लागि पोखरा उपत्यका नगर विकास योजनाबाट २ लाख रूपैयाँ सहयोग उपलब्ध भएको थियो । उक्त रकममध्ये मन्दिर परिसरमा निर्मित कलात्मक ढोका पनि पर्दछ ।

मन्दिर परिसरको ढोकाको उँचाइ ४ मिटर र २ फिटको पित्तलको गजुर त्यसमाथि रहेको छ । यो ढोका छानेशैलीको रहेको छ । ढोकाको चौडाइ २ मिटर र ढोकाका सिमेन्टेड खम्बाह १.५ फिट चौडा रहेकाछन् । त्यस्तै ढोकामा फलामे रेलिङ्ग छन् (फोटो २३) ।

मन्दिर परिसरको तीनतिर ढुंगा र सिमेन्टले जडान गरिएको ४.५ फिट उँचाइको र गाह्रो माथि फलामे रेलिङ्ग राखिएको पर्खाल छ । मन्दिरको पश्चिमी भाग तालपट्टि गाह्रो लगाइएको छैन खुला रहेको छ ।

मन्दिर परिसर बाहिर निस्कदा मन्दिरको ढोकाबाट छपनीले छापेको बाटो उत्तरपश्चिमबाट २४ फिट चौडा र ३५ फिट लामो भई अंग्रेजी एल आकारमा बाहिरी सडकपट्टि रहेको पाइन्छ। त्यस बाटोको उँचाइ १.५ फिट रहेको छ। त्यसपछि सोही बाटो उत्तरपूर्व गएको पाइन्छ। सिंधै बाहिरी ढोकातिर जाँदा सो बाटो फेरी १७ फिट चौडा बनाएर १४० फिट लामो अगाडि बढेको छ। त्यसपछि बाटोको बीचमा फोहोरायुक्त बृत्ताकार पोखरीसम्म पुग्न २६३ फिट दूरी रहेको छ। त्यस फोहोरायुक्त बृत्ताकार पोखरीको चारैतिर बाटोको चौडाइ १७ फिट रहेको छ। बीचको फोहोरायुक्त पोखरी बीचमा ढुंगा छापेर त्यसमाथि उठेको भागको उँचाइ २ फिट पाइन्छ। त्यस वृत्ताकार घुमाउरो पोखरीको माथि उठेको बिटका ढुंगा ९ इन्च चौडा रहेकाछन्। त्यसपछि त्यो छपनी र मार्वल बीचसम्मको चौडाइ ३.५ फिट र ३ फिट ९ इन्च पाइन्छ। डिलभित्र मार्वल बिछ्याइएको भाग १ फिट रहेकोछ। फोहोराका बीचमा फलामे पाइप २० वटा ४ फिट अग्ला रहेकाछन्। तिनीहरूको बीचको पाइपको दूरी १० फिट, पोखरीको बीचको मौलो मूल फोहोरा ४.५ मिटरको वृत्ताकारमा रहेको छ। त्यस फोहोरायुक्त पोखरीमा राता, नीला, पहेंला आदि रंगीबिरंगी बिजुलीका बल्बहरू भिलिमिली चम्कने गरी जडान गरिएका छन् ( फोटो २४)।

त्यस फोहोरायुक्त पोखरीबाट बाहिर मूल ढोकातिर जाने छपनीयुक्त बाटोको चौडाइ ३.५ मिटर रहेको पाइन्छ (फोटो २५)। फेरि त्यस पोखरीबाट मूल ढोकातिर जाने लम्बाइ २ भागमा बाँडिएको छ। पहिलो भागको बाटोको लम्बाइ ७५ फिट (फोटो २६) र दोस्रो ढोकासम्मको भाग अलि फुकेर गएको बाटोको लम्बाइ ३२ फिट रहेको पाइन्छ (फोटो २७)। यसरी मन्दिर परिसरको ढोका र मितेरी पार्कभित्र पस्ने मूल बाटोको जम्मा लम्बाइ ५४५ फिट अंग्रेजी एल आकारमा रहेको पाइन्छ। यो सबै छपनीले छापेको बाटो कलात्मक रूपमा बनाइएकाले आकर्षक रहेको छ।

त्यसपछि मितेरी पार्कमा पस्ने भनौं वा केदारेश्वर महादेव मन्दिरमा पस्ने बाटोको मूल ढोका र बाहिरी सडक बाटोनेरको ढोकाको निर्माण छाने शैलीमा २ वटा सिमेन्टेड खम्बा २.५/२.५ फिटका २० फिट उँचाइका कलात्मक रूपमा निर्माण गरिएका छन् (फोटो २८)। उक्त ढोकाको छाना अघि र पछि लाम्चो र बगलमा कम चौडा ढलानयुक्त चारपाटे भिंगटीयुक्त रहेको पाइन्छ। उक्त ढोका (जसलाई स्वागतद्वार पनि भनिन्छ)। माथि ३ वटा पित्तलका गजुर ३/३ फिट अग्ला रहेकाछन्। उक्त ढोकासम्म आउँदा अन्तिममा बाटोको ४ मिटर चौडा दूरी रहेको पाइन्छ।

श्री केदारेश्वर महादेव मन्दिर मितेरी पार्कभित्र रहेको छ। यस पार्कको निर्माण जापानी नगरपालिका कोमागाने, पोखरा उपत्यका नगर विकास योजना तथा पोखरा उपमहानगरपालिकाको संयुक्त लगानीमा भएको पाइन्छ। यस मन्दिरमा पस्ने बाटो ५४५ फिट निर्माण गर्न पोखरा उपमहानगरपालिकाको पूर्ण आर्थिक सहयोग रहेको पाइन्छ ।

यो मितेरी पार्कको उत्तरमा बसुन्धरा पार्क तथा फिस्टेल लज जाने पक्की बाटो, पश्चिममा फेवाताल (फोटो २९), फिस्टेल लज तालपारि तथा पूर्वमा पक्की बाटो एवं वडा प्रहरी कार्यालय तथा फिर्के पुल र दक्षिणमा गाईघाट पर्दछन् । यस भित्र सिमेन्ट र ढुंगाले जडित २ फिट अग्लो पर्खालमा फलामको रेलिङ्ग ३ फिट अग्लो गरी प्रत्येक ३ मिटरमा ४ फिटको सिमेन्ट र ढुंगा जडित खम्बा वडा प्रहरी कार्यालय वैदाम पोखरा ६ देखि फिस्टेल लज जाने पक्की सडकको अन्त्य हुने फेवाताल किनारसम्म जम्मा १३२ वटा खम्बा भएको पर्खालले मितेरी पार्क निर्माण गरिएको छ (फोटो ३०) । जसको लम्बाइ ११८८ (वडा प्रहरी कार्यालयदेखि पक्की सडक हुँदै फिस्टेल लज वारि फेवा किनारसम्म) हात रहेको छ । मितेरी पार्कको जग्गाको क्षेत्रफल १०० रोपनी रहेको पाइन्छ (फोटो ३१) । जुन पार्क जापानी नगरपालिका कोमागाने र पोखरा उपमहानगरपालिकाको संयुक्त लगानीमा निर्माण भएको हो । त्यस पार्कभित्र विभिन्न प्रकारका हर्वलका बोटहरू तथा सिमल, रूद्राक्ष, सिसौ, पैयुँ, लहरे पिपल, सल्ला, उत्तिस आदिका बोट विरूवाहरू मन्दिर भित्र पस्ने कलात्मक छपनीयुक्त बाटोको दुवैतिर रोपिएका छन् । जसले गर्दा मन्दिरको वातावरणलाई अत्यन्त सुन्दर तथा हराभरा भनाएको छ ।

यो पार्क पोखरा उपमहानगरपालिकाका प्रमुख कार्यालयहरू नेपाल राष्ट्र बैंक, प्रमुख जिल्ला अधिकारीको कार्यालय, सशस्त्र सैनिक व्यारेक तथा अन्य विभिन्न प्रकारका प्रख्यात होटलहरू तथा नेपालकै प्रख्यात फेवातालको किनारमा रहेकोले यसको छुट्टै महत्त्व रहेको र त्यसैमा केदारेश्वर महादेव मन्दिरको निर्माण हुनु अति नै गौरवको विषय भएको छ । यस पार्कबाट दक्षिणपश्चिमको रानीवन तालपारि छ, जहाँ विभिन्न प्रकारका चराचुरूङ्गीहरू जस्तैः लांहचे, कालिज, वन कुखुरा तथा जंगली जनावरहरू घोरल, झारल, भालु, बाघ, हरिण, मृग आदि प्रसस्त मात्रामा पाइन्छन् । वन बाक्लो तथा ठूलो छ । पोखरा आउनेले यस क्षेत्रमा घुम्न नआएको र वनभोज नखाएको कमै मात्रामा सुन्न पाइन्छ । यो पार्क वा श्री केदारेश्वर महादेव मन्दिर पुग्न नजिकैको राष्ट्र बैंक चोकसम्म पोखरा नगर बस, नगर माइक्रो बस प्रत्येक ५/५ मिनेटमा पाइन्छ ।

यो मितेरी पार्क निर्माण गर्दा जापानी राष्ट्रिय चरा हाँस र नेपालको राष्ट्रिय चरा

डाँफे एक अर्कातिर मुखामुख फर्की मितेरी पार्कको बीच श्री केदारेश्वर महादेव मन्दिर जाने छपनीयुक्त बाटोको बीचमा फोहोरा राखिएको छ। त्यहाँ दुई राष्ट्रिय चराको मुखामुख गरेर मितेरीको हात बढाएको चित्र अंकित गरी राख्ने, जस्मा त्यस बाटोको पूर्वमा पोखरा उपमहानगरपालिका र पश्चिममा कोमागाने रहेको बनाउने र पार्कको विकास गर्ने योजना रहेको पाइन्छ। जुन कुरा मूल मन्दिरको स्वागत द्वारको दायाँतिर रहेको होडिङ्ग बोर्डबाट प्रष्ट हुन्छ (फोटो ३२)।

साथै जिन्सी सम्पत्ति विवरण २०६२ सालको लेखापरीक्षण विवरणबाट पाउन सकिन्छ (परिशिष्ट १६)।

# परिच्छेद : ५

# श्री केदारेश्वर महादेव मन्दिर वैदाम कास्कीका धार्मिक एवं साँस्कृतिक, सामाजिक र वातावरणीय क्षेत्रमा प्रभाव

## ५.१ धार्मिक एवं साँस्कृतिक प्रभावः

वास्तवमा भन्ने हो भने मानव जीवनमा धर्मको सर्वोपरि महत्त्व हुन्छ। किनकि मानिस आफ्नो जीवनलाई पवित्र, शुद्ध एवं समय सापेक्ष बनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा धर्मको बाटो नै अपनाएर धर्म अनुसार नै संस्कारहरू गर्ने गर्दछ। धर्मले नै संस्कारलाई अगाडि बढाउँछ र संस्कारले संस्कृतिको निर्माण गर्न पुगेको हुन्छ भन्न सकिन्छ। यस्तो अमूल्य संस्कृतिको निर्माणमा शताब्दीयौंको समय खर्चिएको हुने हुँदा लामो समयको दौरानमा निर्मित यस्तो संस्कृति कुनै पनि समाजका लागि उपयोगी बन्न सकेन भने शताब्दीयौंसम्मको परिश्रम र लगनशीलता व्यर्थ सावित हुन पुग्दछ। जस्ले गर्दा संस्कृतिले निरन्तरता प्राप्त गर्न असम्भाव हुन्छ। यस कारण इतिहास, धर्म, संस्कार र संस्कृति एक अर्काका परिपूरकका रूपमा रहेका हुन्छन् भन्न सकिन्छ। अतः यिनीहरूको अध्ययन गर्दा एक अर्कादेखि विमुख रहेर अलग अलग अध्ययन गर्न खोज्नु एकाङ्गी सिद्ध छ। धार्मिक क्रियाकलापहरूको अवलम्बनबाट नै मनुष्यले मोक्ष्य प्राप्त गर्न सकेको कुरामा हिन्दूहरू विश्वस्त रहेको पाइन्छ। आत्मा शुद्ध गर्ने र जीवनलाई विग्नबाधारहित पारी उन्नति र उन्मुक्तिको मार्गतिर सदा अग्रसर गराउने एक मात्र उपाय वा मार्ग धर्म संस्कृति र संस्कार रहेको छ (बराल, २०५२: ३९–४०)। अतः धर्म र संस्कृतिले व्यक्ति एवं समाजलाई अग्रगति र समुन्नतिमा सहयोग गर्दछ।

यसै संस्कृतिको सन्दर्भमा प्रसिद्ध विद्वान् डा. जोनसन भन्छन् "वर्वरता विरूद्ध जीवित रहने अवस्था नै सभ्यता हो" (Civilization is the condition of life oppose to barbarism) (बराल, २०५२: ३)। यसबाट संस्कृतिको समानान्तर शब्द सभ्यता हो भन्ने पुष्टि हुन्छ। यसरी धर्म, संस्कृति र सभ्यताबीचको आपसी सम्बन्ध र अन्तर निर्भरताको विश्लेषणबाट यो के भन्न सकिन्छ भने धार्मिक कृतिहरूको स्थापना आध्यात्मिक तथा

भौतिक चिन्तनबाटै हुन्छ र आध्यात्मिक भावनाद्वारा नै सांस्कृतिक परम्पराको प्रारम्भ हुन्छ। यसै सांस्कृतिक परम्पराको जगमा नै हाम्रो लोक संस्कृतिको विकास हुनपुगेको छ। यसको ज्वलन्त उदाहरणको रूपमा यस श्री केदारेश्वर महादेव मन्दिरमा हुने गरेका विभिन्न मेला, पर्व र रथ यात्रा, दोहोरी गीत प्रतियोगिता, तीज गीत प्रतियोगिता, देउसी भैलो, होली, बोलबम कार्यक्रम आदिलाई लिन सकिन्छ।

यसरी धर्मले संस्कार र संस्कारले संस्कृतिलाई अगाडि बढाउँदै जाँदा एक सभ्य समाजको निर्माण भए जस्तै धार्मिक भावनाको कारण संस्कृतिले सामाजिक तथा आर्थिक विकासमा पनि थप योगदान दिएको पाइन्छ। यदि साँस्कृतिक निधिका रूपमा रहेका यी प्राचीनतम धार्मिक सम्पदाका प्रतीक मठमन्दिरहरूको स्थापना हुँदैनथ्यो भने यस पोखरा उपत्यकाको संस्कार र संस्कृतिले भिन्न रूप लिने अवस्था हुनसक्थ्यो। अतः कुनै पनि समाज जबजब राम्रा एवं उन्नत संस्कार र संस्कृतिको अवलम्बन गर्दै सभ्यताको मार्गतिर बामे सर्न थाल्दछ तब ती सभ्यता र संस्कृतिको प्रसंशा सर्वत्र फैलिन पुग्दछ। जसको फलस्वरूप यो स्थल त्यहाँको सभ्यता र संस्कृति चासोको र आकर्षणको केन्द्र बन्न पुग्दछ। जसबाट प्रमाणित हुन्छ कि यस उपत्यकामा रहेका धार्मिक, ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका सम्पदाहरूमध्ये यो केदारेश्वर महादेव मन्दिर पनि वैदाम तथा फेवा क्षेत्रमा धर्म तथा संस्कृतिको विकासको उल्लेख्य सहयोगीका रूपमा रहेको छ। तसर्थ यस क्षेत्रको उन्नति र प्रगतिको लागि यस्ता सम्पदाहरूको संरक्षण, सम्बर्द्धन र विकासका लागि सम्बन्धित निकायको ध्यान जानु नितान्त जरूरी देखिन्छ।

धार्मिक तथा सांस्कृतिक दृष्टिले यस क्षेत्रको महत्त्व त छँदैछ तथापि यस क्षेत्रलाई सर्वत्र चिनाउने काम गर्न पनि त्यत्तिकै आवश्यक छ।

## ५.२ सामाजिक प्रभावः

नेपालको सांस्कृतिक एवं धार्मिक इतिहासलाई राम्रोसँग अध्ययन गर्ने हो भने नेपाली समाज तथा जनजीवन परापूर्वकाल वा प्राचीन समयदेखि नै धार्मिक मनोवृत्ति तथा आस्थाबाट प्रभावित भई आएको पाइन्छ। जसको ज्वलन्त उदाहरणका रूपमा हाम्रा सामु रहेका प्राचीन मठमन्दिर, कलाकौसल, रहनसहन, बसउठ, धर्म, भेषभूषा वा लवाइ खुवाइ, मनोरंजन आदि रहेका छन्। यसरी आफ्नो अस्तित्वकालदेखि नै आध्यात्मिक भावनाको प्रेरणा ग्रहण गर्दै सुसँस्कृत र सभ्य बन्दै अगाडि बढ्ने जमर्को गरेको नेपाली समाजको जीवनशैली पनि त्यसै अनुरूप सहिष्णु एवं आध्यात्मिकताको मार्गमा अगाडि बढ्दै गरेको पाइन्छ।

प्राचीन समाजको मानवले व्यक्तिगत जीवनलाई भन्दा सामाजिक जीवनलाई बढी प्राथमिकता दिएको हुनाले नै आज मानव सामूहिक जीवनबाट आनन्द लिइरहेको छ। किनभने धर्मको उत्पत्तिसँगै त्यसको परिपालना गर्न विधिविधानको पनि निर्माण हुन्छ र त्यसै विधिविधानको पालनाबाटै सामूहिक भावनाले नै सामाजिक जनजीवनमा प्रवेश पाउन सक्छ। साथै सामूहिक भावनाले सृजित आनन्दको परिणाम नै धर्म हो भन्न सकिन्छ। त्यसैले भन्न सकिन्छ कि सामाजिक जनजीवनमा एक अर्कोलाई सामिप्यमा ल्याउने अहम् भूमिका मठ मन्दिरको रहँदै आएको छ। मानिस केही न केही आस्था बोकेर मठमन्दिरमा गएको हुन्छ। उसले या त आफनो दुःख कष्टबाट पार पाउन, या त कुनै त्यस ठाउँको जानकारी लिन, या त्यस ठाउँको कलाकारिताको ज्ञान हासिल गर्न वा केवल देख्न वा कुनै बन्द व्यापारको सिलसिलामा त्यहाँ पुगेको हुन्छ। यसरी मानिसहरू जुनसुकै धेयले त्यहाँ पुगेका होउन्, तिनीहरूका बीचमा भलाकुसरी या तादाम्यता या नजिकपन ल्याउन यस्ता स्थलले मद्दत गर्दछन्। यस्ता ठाउँमा एक अर्काका विचार धारणा आदिको साटासाट गर्ने मौका मिल्दछ, जसले गर्दा भाइचारा पनको विकास भई विश्वबन्धुत्वको भाव पनि जागृत हुने हुन्छ। मानिसहरू जुनसुकै धेयले मन्दिर वा गुम्बा वा मस्जित चाहे जुन स्थानमा पुगे पनि जस्तै कट्टर भौतिकवादी धारणा बोकेको मानिस भए पनि एकैछिन भए पनि मन्दिर वा त्यस्ता धार्मिक स्थलप्रति बाहिरी रूपमा नकारात्मक धारणाबाट टाढा रहन्छ। त्यस्ता धार्मिक स्थलमा जब मानवले पाइला टेक्दछ, उसमा मनोवैज्ञानिक असर पर्दछ र क्षणिक रूपमा भए पनि ती धार्मिक स्थलमा रहने वेलासम्म उसले नराम्रो सोच राख्न सक्दैन। अर्थात् मठ, मन्दिर, गुम्बा, विहार आदिको मनोवैज्ञानिक वातावरणले जो कोहीलाई पनि परिवर्तन गराएको हुन्छ। समग्रमा मठ, मन्दिर, गुम्बा, विहार, स्तुप आदिले हाम्रो समाजलाई मनोवैज्ञानिक रूपले नैतिकवल र मानवीय भावना र संस्कारको उचित पाठ सिकाएका छन्। जसको फलस्वरूप नै भन्नुपर्दछ आज संसारका कतिपय धार्मिक मुलुकहरू साँस्कृतिक भिन्नताको नाउँमा युद्धग्रस्त छन् भने हाम्रो मुलुकमा केही वर्ष यता छाडेर साँच्चिकै शान्तिको अनुभूति भएको पाइन्थ्यो। यस्तो हुनु सायद गौतम बुद्धको चिन्तनको अनुयायी बनेर होला। समग्रमा भन्दा यो हाम्रो संस्कार र संस्कृतिको उदारताको द्योतक वा प्रतिफल हो। केदारेश्वर महादेव मन्दिर पनि हाम्रो देशको पोखरा उपत्यकामा रहेको एक स्थानको एक हिस्साको रूपमा आफ्नो अस्तित्व बोकेका अन्य मठ, मन्दिर, गुम्बा, विहार, चैत्य गुफा, स्तुप आदि मध्येको एक हो र समस्त मुलककै संस्कार र संस्कृतिको सहयोगी भूमिकामा यो रहेको छ। पोखरा उपत्यकाका मठमन्दिरहरूले समाजमा जसरी महत्त्वपूर्ण भूमिका खेलेका

छन् त्यसरी नै यस मन्दिरको पनि भूमिकामा उत्ति नै रहेको  छ। मठ, मन्दिर, गुम्बा, विहार, स्तुप आदि आध्यात्मिक आस्थाका स्थल भएकाले र समग्रमा सबैको मूल उद्देश्य नैतिकता र मानवतावादी चिन्तन रहेकाले यिनीहरूको प्रभाव समाजमा गहिरो पर्नु स्वभाविकै हुन आउँछ। त्यसै भएर सामाजिक जीवनमा मठमन्दिरले पारेको प्रभावलाई कसैले पनि नकार्न सक्दैन। परापूर्वकालदेखि मानवले आफ्नो अस्तित्वलाई समाजसँग गाँसेको पाइन्छ। मानिसहरूले कुनै शुभकार्यहरू विवाह, व्रतबन्ध, पास्नी, न्वारन, श्राद्ध, सप्ताह, पुराण एवं यज्ञ-यज्ञादि तथा असुभ कार्यहरू काजक्रिया आदि पर्दा समाजका आफ्ना समूह नातागोता, कुलकुटुम्ब, भाइ, साथी, मित्र, आदिसँग सहयोग लिने दिने कार्य गरी एक आपसमा मिलेर बस्ने अवस्था सृजना गर्दछन्। ती कर्महरूमा एकको सहयोग अर्कोलाई चाहिने भएकाले आफ्ना सुख दुःखका धारणाहरूको समेत साटासाट गर्ने सुअवसर पाउने गर्दछन्। त्यस समयमा पनि धेरैले देवी देवता स्थापना गरी कार्यहरू गर्दछन् वा मठमन्दिरमा गई आफ्ना कार्यहरू सिद्ध गर्ने गर्दछन्। जहाँ जसरी अड्को फुकाउँदा सजिलो पर्दछ सोही अनुसार सरसल्लाह र औकात हेरी कार्यहरू गर्ने गर्दछन्। यस प्रकारसँग मानवले सामाजिकीकरणको धारणा विकास गरेको पाइन्छ। धार्मिक आस्थाको रूपमा गणेश, शिव, सूर्य, देवी, विष्णु चाहे जुनमा आफ्नो आस्था छ तिनै मध्ये एक न एक देवताको आड लागेर मानवले आफ्नो अस्तित्व जोगाउने प्रयास गर्दछ। या जंगलको घरवरिपरिको ठूलो रूखको होस् या ठूलो ढुंगाको होस् वा ठूलो नदीको होस् कुवा, इनार, पोखरी आदि जलाशयको होस् मानवले आफ्ना कार्य सफलताको लागि साथ लिने परम्परा रहँदै आएको पाइन्छ। व्रतबन्ध वा विवाह गर्दा मठमन्दिरमा त्यहाँका देवतालाई साक्षी राखी आफ्नो अटल सौभाग्यमा साथ दिन प्रार्थना गरिन्छ भने उनै दयालु भगवानसँग त्यो प्राप्तिको लागि पनि प्रार्थना गरिन्छ। जे होस् एक साक्षीको रूपमा भगवानलाई मान्ने गरिन्छ। हिन्दूहरू मठमन्दिरमा गएर आफ्ना शुभकार्यहरू सम्पन्न गर्दछन् भने मुसलमानहरू आफ्ना मस्जितमा इसाईहरू चर्चमा गएर आफ्ना कार्यहरू पूर्ण गर्दछन्। त्यसैले चाहे मन्दिर होस्, चाहे मस्जित त चाहे चर्चा नै किन नहोस् एक न एकमा हरेकले आफ्नो कार्य सिद्धिको लागि प्रार्थना गरेको   हुन्छ। हिन्दूले मठमन्दिरमा भगवान देख्छ भने मुस्लिमले मस्जिदमा त इसाईले चर्चमा, आखिर सबैको नाम फरकफरक भए पनि सबै मन्दिर हुन् वा सबै  मस्जिद हुन वा सबै चर्च हुन्। जुन संस्कृतिको विकास मानवले जसरी गरेको छ त्यही संस्कृतिमा उ रम्ने गरेको हुन्छ। यी सबै आ-आफ्ना आस्था वा विश्वासहरू हुन्। यसरी आफ्नो क्षेत्र या आञ्चलिक वा प्रादेशिक वा देशीय वा महादेशीय कुनमा कस्तो प्रकारको छाप या श्रद्धा

छ त्यही श्रद्धाका आधारमा बसेका फरक फरक संस्कारहरूका धारणाहरू मात्र हुन । मानिसले भारी बोकेर हिंड्दा टण्टलापुर घाममा तिर्खाको अनुभूति गर्दछ, सितल खोज्छ, भारी बिसाउने चौतारीको आवश्यकता अनुभूत गर्दछ, बस्ने बासको (वडार वा गुफाको) आवश्यकता अनुभूत गर्दछ र घरजम, पाटीपौवा, चौतारी, कुवा, धारा, इनारको परिकल्पना गर्दछ । त्यसको लागि उसलाई धेरै चिजहरूको आवश्यकता महशुस गर्दछ । जस्तै घर बनाउन काठ, दाउरा, ढुंगा, माटो, सिसा, छड, टिन आदिको आवश्यकता महशुस गर्दछ भने बस्ने थकाइ मार्ने चौतारीमा वर, पीपल, स्वामी आदि वृक्षको आवश्यकता महशुस गर्दछ । त्यस्तै हिड्नका लागि बाटाको महशुस गरेझैं पिउन, सरसफाई आदिका लागि तथा खेतीपातीका लागि पानीको जोहो गर्नुपर्ने हुन्छ । यी सबै कुराहरूका साथै आत्मतृप्ति वा भोक मार्नका लागि धान, चामल, मकै, कोदो, गहुँ, जौ, तोरी, फापर, ऊखु, फलफूल आदिको आवश्यकता ठान्दछ त अव सबै कुरा पुरा भए पनि उसको आत्मामा सबैकुरा अपूर्ण देख्दछ, त्यो हो आस्था, विस्वासको । त्यसै भएर अब उसले नागले डस्न लाग्यो भने दूधको धारा बगाइ दिने (दूध कुण्डी), वा शिवलिङ्गको स्थापना गर्दछ, मन्दिरमा ठूलो घर बनाउन ठूलो रूखको बचाउँ गर्दछ । जंगलमा ठूलो ढुंगाको बचाऊ गर्दछ, पहरामा त्यस्तै ठूलो खोलाको प्रार्थना गर्दछ गण्डकीमा त्यस्तै पाटी, पौवाको जिज्ञासु हुन्छ । मुडुला पहाड कुना कन्दराहरूमा वा एकान्त ठाउँमा पनि रुची राख्छ । आखिरीमा शान्तिको अनुभूति गर्दछ एकान्तमा, ज्ञानको अनुभूति गर्दछ एकान्तमा । यसरी आस्थाको आधारमा, शान्तिको प्राप्तिको लागि मन्दिरमा, मठमा मानवले देवता देख्न पुग्दछ र मठमन्दिरको आवश्यकता ठान्दछ । अनि उनीहरूको अस्तित्व बोध गर्दछ र तिनीहरूको निर्माण गर्दछ । यसरी कहीं काली, कहीं विष्णु, कहीं सूर्य, कहीं शिव, कहीं गणेश त कहीं सिद्ध बाबा आदिआदिको वास मन्दिरमा पाउँछ मानवले । यस प्रकारसँग धारण गर्ने वस्तु धर्म कहलाउँछ र मानवमा माया, प्रेम, सद्भाव, दया आदिको प्रादुर्भाव हुन्छ र भगवानको सृष्टि पनि त्यही धर्मभित्र लुकेर बसेको हुन्छ । यसरी आस्थाका पुञ्जको रूपमा भगवानको विश्वास हुन्छ । हामी धेरै टाढा जानु पर्दैन । हाम्रो घर आँगन छेउमै भगवानको उदय हुन्छ । भगवानको दृश्य देख्न पाइन्छ । अब हाम्रै अंचल गण्डकीको पोखरा उपत्यकामा अनदु डाँडामा बुद्ध भगवान त विध्यवासिनी डाँडामा (थुम्कामा) विन्ध्यवासिनी, त्यस्तै भद्रकाली मुडुलथुम्कोमा त तालवाराही फेवातालमा, त गुप्तकालिकाको दर्शन सिद्ध छ, कास्की कोटमा भने राम भगवानको दर्शन मिल्दछ राम मन्दिर पार्दी बिरौटामा । त्यस्तै केदारेश्वर महादेव मन्दिरको दृश्य देख्न पाइन्छ वैदाम पोखरा-६, कास्कीमा ।

यस प्रकारसँग मठ, मन्दिर, देवल, सत्तल, गुफा, पाटी, पौवा आदि जोसुकै होउन आँफूलाई मन परेको वस्तुलाई मानवले सिंगारेर, रक्षा गरेर, जोगाएर, विकास गरेर, प्रदान गरेर, मर्मतसम्भार गरेर, किल्लाबन्दी गरेर, पहरा दिएर, रंगरमिता, रमाइलो भजन किर्तन पूजापाठ, धुपधुँवार गरेर, सरसफाई गरेर, हराभरा गराएर वा नव निर्माण गरेर आदि क्रियाकलापबाट अक्षुण रूपमा जीवन्तता दिन चाहन्छ। आफू एक्लैले नसके अरूको सहारा खोज्दछ, समाज खोज्दछ।

यस प्रकारसँग सामाजिक जीवनमा मठमन्दिरले पारेको प्रभावलाई केही बुंदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ।

१. मन्दिरहरूमा देवीदेवताहरूको दर्शन एवं पूजा आराधना गर्न गएपछि मानिसहरूले कुनै पनि कुराको आत्मवल, अठोट एवं दृढ विश्वास लिएर फर्कने हुँदा मानिसमा रहेको कमजोर मानसिकताको अन्त्य भई मनोवैज्ञानिक प्रभावले गर्दा समाज सत्मार्गतर्फ उन्मुख हुनुको साथै व्यक्तिको उन्नति समेत हुन सक्दछ।
२. देवीदेवताहरूप्रति मानिस बढी भक्तिवान र विश्वस्त हुने हुनाले उसको मनोवल उच्च भै सफलता प्राप्त गर्ने कार्यमा अगाडि बढ्न सक्छ।
३. कुनै पनि मन्दिरको निर्माणमा प्रमुख योगदान त्यसै स्थान वा क्षेत्रका मानिसहरूको नै रहने हुनाले ती मठमन्दिरको संचालन, संरक्षण र विकास गर्ने कार्य हाम्रो नै हो, यी धार्मिक निधि हाम्रा हुन् भन्ने धारणाको सृजना हुन पुगी समाजमा सामाजिक भावनाको विकास हुन पुग्दछ।
४. मठमन्दिरहरू नै धार्मिक तथा साँस्कृतिक सम्पदाहरूका नमूना भएकाले ती सार्वजनिक सम्पत्तिहरूको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा समाज सचेत र सजग बन्न पुगी समाजमा सामूहिकताको भावना विकास हुनमा सहयोग पुग्न जान्छ।
५. अधिकांश मठमन्दिर तथा धार्मिक सम्पदाहरूको संचालन, संरक्षण, सम्बर्द्धन र सदुपयोग गुठीद्वारा नै हुने भएकोले यदि मठमन्दिरहरू मासिन वा लोप हुन पुगे भने गुठी व्यवस्था पनि लोप हुन जाने हुँदा मठमन्दिरको अस्तित्वलाई कायमै राख्नेतर्फ समाज सजग र सचेत बन्न पुग्दछ। यसबाट यो भन्न सकिन्छ कि मठमन्दिर र गुठी व्यवस्था बीचको सम्बन्ध नङ्ग र मासुको बीचको जस्तो रहेको हुन्छ। अर्थात् अर्को शब्दमा मठमन्दिर, गुठी व्यवस्था एक अर्काका परिपूरकको रूपमा हुन्छन् भन्ने कुराको अनुभूति सर्वसाधारण मानिसले समेत गर्न सक्दछ।

६. प्राचीन कलाकृतिका अवशेषहरू हाम्रा सामु रहेका प्राचीन मठमन्दिर, पाटीपौवा, धाराकुवा आदिमा रहेका हुन्छन्। त्यस्तै गरी प्राचीन समाजको लोकसंस्कृति र परम्पराको जीवित अनुहार आजको समाजमा यिनै कलाकृतिहरू नै बन्न पुगेका हुन्छन्। अतः यस्ता कला देशका गौरव एवं इतिहासका अकाट्य प्रमाण हुन् भन्न सकिन्छ। किनकि नेपालमा लिच्छवीकालभन्दा अगाडिका बारेको इतिहास पौराणिक एवं अपुरो बन्दै जानुको कारण पनि तत्कालीन कलाकृतिहरू प्राप्त नहुनु हो भने त्यसपछिको आर्थिक, सामाजिक, धार्मिक, साँस्कृतिक अवस्थाका बारेको इतिहास भने प्रमाणिक बन्दै आउनुको कारण पनि प्राप्त कलाकृति नै हुन्। यसरी प्राचीन इतिहासलाई प्रमाणिक बनाई हालको समाजलाई ज्ञान एवं शिक्षा प्रदान गर्ने कार्य धार्मिक सम्पदाका रूपमा रहेका मठमन्दिर, पाटीपौवाहरूले गरेका छन् भन्न सकिन्छ।

७. देवीदेवताका मठमन्दिरहरू कस्तोकस्तो ठाउँमा निर्माण भएकाछन् र तिनीहरूको संरक्षण, सम्बर्द्धन, मर्मतसम्भार कुन किसिमले भएको छ र त्यहाँ के के र कस्ताकस्ता प्रकारका सेवा सुविधाहरू उपलब्ध हुन सकेका छन् भन्ने कुराप्रतिको चासो त्यहाँका बासिन्दाहरूको योगदानको कदर गर्ने रूची हो पनि भन्न सकिन्छ। किनभने यदि त्यो समाज सम्य, सुसँस्कृत र मिलनसार तथा श्रद्धाभक्ति जनाउने खालको नभएमा ती संस्था वा मठमन्दिर, गुम्बा, विहार, सत्तल आदिको कमी आउने थियो र त्यसको पाठ अन्य स्थानका व्यक्तिले सिक्न सक्ने स्थिति हुने थिएन। त्यसै भएर त्यस स्थानका व्यक्तिमा सामूहिकताको विकास वा बौद्धिक, सामाजिक र धार्मिक हिसाबको विकास अग्रगतिमा रहेको थियो भन्ने कुराको मूल्यांकन पछिको पिंढीले गर्न सक्नेछ। तथा त्यसको सही सिको पनि गर्न सक्ने क्षमताको विकास हुन सक्दछ। वास्तवमा आर्यहरू मुलतः हिन्दूहरू धर्म संस्कारप्रति बढी आकर्षित वा लालाहित भएकाले उनीहरू विभिन्न देव देवादीहरूको परिकल्पना गरी तिनीहरूलाई मूर्तिको रूपमा स्थापना गर्नतिर लागे। त्यसैको प्रतिफल विभिन्न देव देवीहरूका मूर्तिहरू, मठमन्दिर निर्माण गरी स्थापित गरिएका छन्। यस्ता मठमन्दिरहरू रहेका स्थानहरूमा विभिन्न खाले रूख विरूवा, फूलहरू रोपी हुर्काएका हुन्छन्। त्यस्ता बोट विरूवाहरूले वातावरण शुद्ध र हराभरा राख्न ठूलो सहयोग पुर्‍याउछन्। हिन्दू संस्कारमा पुजिने कुनै पनि देव देवीका

मूर्तिहरू वा स्थान विभिन्न किसिमका रूख विरूवा, फलफूलहरूले युक्त हुन्छन् जसका कारण एकातिर वनजंगलको संरक्षण हुने र अर्कोतिर जैविक विविधताको कारण वातावरणमा सकारात्मक प्रभाव पर्ने हुन्छ ।

## ५.३ वातावरणीय प्रभावः

वातावरण भनेको नदीनाला, खोलाखहरा, तालतलैया, जीवजन्तु, चराचुरूङ्गी, मानववस्ती, वनजंगल, भूक्षय, बगैंचा, बाटोघोटो, पुलपुलेसा, अस्पताल, शौचालय, ढल निकास, खेतीपाती कृषि भूमि तथा पाटीपौवा र मठमन्दिर, सत्तल आदि स्वच्छ, स्वस्थ र व्यवस्थित रहनुको हो । तिनीहरूले मानव विकासमा अग्रणी भूमिका खेलेका हुन्छन् । यसै सन्दर्भमा भन्नुपर्दा श्री केदारेश्वर महादेव मन्दिर वैदाम पोखरा-६ कास्कीको धार्मिक तथा साँस्कृतिक दृष्टिले महत्त्व त छँदैछ तथापि यस क्षेत्रलाई पर्यटकीय दृष्टिले झनै महत्त्वपूर्ण मान्न सकिन्छ। यस क्षेत्रलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने प्रसस्त सम्भावनाहरू रहेकाछन् । ऐतिहासिक एवं मनोरम यस स्थलबाट अन्नपूर्ण, माछापुच्छ्रे तथा लमजुङ हिमश्रृंखलाहरूको मनोरम दृश्य सजिलै देख्न सकिन्छ (फोटो ३३) । यो केदारेश्वर महादेव मन्दिर पोखरा उपत्यकाको फेवाताल किनारमा अवस्थित रहेकाले यहाँबाट देखिने तालको दृश्यावलोकनले झनै सुन्दरता थपेको छ । यो क्षेत्र पोखरा बजारको पृथ्वी चोकबाट पश्चिममा सुनौली पोखरा राजमार्गको उत्तरपट्टि २ कि.मी. मा एउटा विशाल मितेरी पार्कमा रहेको छ । पोखरा उपत्यकाको दक्षिण पश्चिममा रामदी खोलो र अनदु डाँडा भई क्रमशः उत्तरतिर बढ्दै गएको विशाल रानीवनको पूर्वमा यो स्थान रहेको छ। त्यसकारणले पर्यटकीय तथा वातावरणीय हिसाबले अझै द्रुत गतिमा विकास गर्न सकिने देखिन्छ ।

यस प्रकारसँग पर्यटकीय तथा वातावरणीय हिसाबले यस मन्दिरको प्रभाव तपसिल अनुसार पाउन सकिन्छ ।

क) सरसफाई :

मन्दिर क्षेत्रमा पर्यटक तथा त्यस क्षेत्रका भक्तजनहरू तथा छिमेकीहरूले धार्मिक भावनाले ओतप्रोत भएका कारणले वातावरणलाई धुमिल हुन नदिन सरसफाईमा विशेष ध्यान दिएको पाइन्छ। यसरी स्वच्छ र सुगन्धित रही मानव आत्मालाई शान्तिपूर्वक वातावरणको अनुभव दिलाउँछ। यसले गर्दा आफ्नो घर आँगन तथा बसोबास स्थलमा सरसफाई राख्ने प्रेरणा दिई एक ठूलो पाठ सिकाउँदछ। मन्दिर परिसरमा बस्दा मूलद्वारदेखि

बाटो (छपनीले छापेको) हुँदै मन्दिर प्रवेश गर्दा जुत्ताचप्पल समेत एक स्थानमा राखी मन्दिरमा खाली खुट्टा हिड्ने वातावरण बनाउँछ। सँगै व्यास मन्दिर (सत्तलमा) पश्चिमपट्टिको भित्तामा सटेको शौचालय बनाई दिसापिसाबको लागि आवश्यक पानी (धारा) समेतको कोठा निर्माण गरिएको छ। खानेपानी टंकी, धारा मन्दिर परिसरभित्रै हुनाले सरसफाईमा राम्रो सहयोग पुगेको छ (फोटो ३४)। जस्को प्रभाव सहजै श्रद्धालु भक्तजन र पर्यटकले महशुस गर्दछन्।

ख) प्राकृतिक सुन्दरताः

मन्दिर क्षेत्रमा वृक्षारोपण गरी फूल, विभिन्न प्रकारका फल, बगैंचाको विकास गर्न सकेमा प्राकृतिक सुन्दरता झल्की वातावरणलाई मनोरम बनाउन मद्दत गर्दछ। फलफूल, अन्य वृक्ष र कुण्ड, तालहरूको सँगै हुने भएमा प्राकृतिक सुन्दरताअझै बढी हुने हुनाले यस क्षेत्रमा प्रवेश गरेपछि शान्त प्राकृतिक दृश्यले आनन्द आउने भई मनमष्तिस्कलाई शान्त बनाउन मद्दत पुर्‍याउँछ। फेरि मन्दिर, मठहरू जहाँ कहीं पनि एकान्त स्थानमा शान्त स्थानमा, बनेका हुन्छन्। त्यस्तै त्यहाँ पनि त्यस्तै एकान्त वातावरण भएकाले र यहाँबाट सिधै उत्तरपूर्व हेर्दा माछापुच्छ्रे, अन्नपूर्ण, लमजुङ्ग हिमाल देख्दा प्राकृतिक वातावरण झनै सुरम्य र लोभ लाग्दो देखिन्छ। सँगै पश्चिमपट्टि किनारमा (डिलमै) फेवाताल तथा त्यसपारि विशाल रानीवन जहाँ विभिन्न प्रकारका चराचुरूङ्गीको चिरिबिरी र मृग, हरिण, बाघ, भालुको बासका विभिन्न दृश्य देख्न पाइने हुनाले र विशाल पार्क (मितेरी) समेत हुनाले प्राकृतिक छटा झनै राम्रो देखिन्छ। यसरी प्राकृतिक सुन्दरताले वातावरणलाई अर्को प्रभाव पारेको वा पार्ने देखिन्छ।

ग) आर्थिक विकासः

मन्दिरमा दर्शन गर्न आउने श्रद्धालु भक्तजन तथा पर्यटकहरूको घुँइचो लाग्ने विभिन्न अवसरहरू जस्तैः शिवरात्रीको मेषे सक्रान्ति, श्रावणका सोमवारमा बोलबम कार्यक्रम, तीज पर्वको मेला तथा दशैं आदि पर्व या महोत्सवहरूमा तथा अन्य समयमा मानिसहरूको आगमन भई विभिन्न प्रकारका चीजवीजहरूको व्यापार भई स्थानीय व्यक्ति वा व्यापारीहरूमा आर्थिक लाग समेत हुने हुनाले यस मन्दिरका माध्यमबाट आर्थिक पक्ष पनि प्रभावित हुने गर्दछ। साथै मन्दिरमा दूध, पानी, फलफूल चढाउने कार्यले मन्दिरको सम्बर्द्धन, संरक्षण, मर्मतमा ठूलो सहयोग पुग्दछ। यस प्रकारसँग मठमन्दिरको कारणले आर्थिक विकासमा ठूलो प्रभाव पर्ने गर्दछ।

घ) पर्यटकीय विकासः

मन्दिरमा दर्शनको लागि श्रद्धालु भक्तजनहरू आउने जाने हुँदा पर्यटकीय विकासमा सहयोग पुग्दछ, एक प्रकारको उद्योगकै काम  गर्दछ। मानिसहरूको आउने जाने क्रमले प्रचार प्रसार भई यस क्षेत्रको विकासमा पनि ठूलो प्रभाव पर्दछ। टाढाटाढाका मानिसहरू देश प्रदेशबाट आई हेर्ने हुनाले बढी आकर्षक भई विभिन्न प्रकारका सुझाव, सेवा सहयोग समेत पर्यटकहरूबाट त्यस क्षेत्रलाई प्राप्त हुन सक्ने  देखिन्छ। साथै पर्यटक तथा श्रद्धालु भक्तजनहरूले आफ्नो देश वा आफ्नो क्षेत्रमा यस्तै प्रकारका पर्यटकीय स्थल निर्माण गरी अरूलाई आकर्षित गर्न र आफ्ना सीपका उत्पादन बिक्रीको वातावरण बनाउन सक्छन्। यसले गर्दा त्यस क्षेत्रको अझै बढी महत्त्व बढ्न जान्छ। प्रेरणा र हौसलाहरू उनीहरूमा मिल्दछ। जसले गर्दा ती देशमा खास क्षेत्रको र समाज वा व्यक्तिको विकास भई राष्ट्र, क्षेत्र, समाज वा व्यक्तिको आर्थिक, सामाजिक, संस्कार, संस्कृतिमा विकास भई सकारात्मक परिवर्तनका लक्षणहरू देखिन सक्दछन्। पर्यटकीय विकासले गर्दा भिन्न स्थानका व्यक्तिहरूको भेटघाट र विचारहरूको आदान प्रदान भई सामिप्य, मित्रता तथा सहयोगको धारणा समेत विकास हुन सक्दछ।

ङ) रोजगारीको विकासः

यदि मन्दिरको उचित विकास भएमा र स्थायित्व कायम भएमा मन्दिरमा पुजारीको नियुक्ति हुने हुन्छ, परिचरको नियुक्ति हुन्छ। यसरी पुजारीलाई हरेक दिन खानको लागि सिधा उपलब्ध हुनसक्छ र मासिक तलबसमेत पाउने हुन्छ। साथै परिचरले मन्दिरमा सुरक्षा प्रदान गरेवापत तथा सरसफाई गरे बापत सिधा उपलब्ध हुनुको साथै तलब समेत पाउने गर्दछन्। त्यस्तै प्रकारसँग मठमन्दिर क्षेत्रमा बढी क्षेत्रफल भएमा त्यसको हेरचाह र सरसफाई गर्ने, फलफूलका बोट विरूवा रोप्ने, पानी दिने, रंगरोगनहरू गर्ने तथा पर्यटक तथा भक्तजनहरूलाई मन्दिरका बारेमा चिनारी तथा जानकारी आदि दिने काममा बढी व्यक्तिहरूको आवश्यकता हुन गई बढी मानिसहरूले रोजगारी समेत पाउने हुन सक्छन्। साथै विभिन्न प्रकारका अभिलेखहरू राख्ने जस्तैः पर्यटकको दैनिक आगमन भएको रेकर्ड, पर्यटकहरूबाट चढाइएको रकम संकलन आदि कार्य गर्ने विविध खाले कार्यहरूको विस्तार भई मानिसहरूले थप रोजगारीहरूका अवसरहरू पाउने सम्भावनाहरू हुने हुनाले रोजगारीका अवसरहरू दिन सक्ने एक व्यवसायमूलक संस्था पनि हुन जान सक्छ। साथै मन्दिर क्षेत्रमा विवाह, व्रतबन्ध, वनभोज आदि कार्यक्रमहरूबाट उपलब्ध हुन सक्ने रकमको

रेकर्ड राख्ने तथा भक्तजनहरूलाई आउने जाने बाटो देखाउने गाइडको काम गर्ने व्यक्तिहरूको पनि नियुक्ति हुन सक्छ र त्यस मन्दिर परिसरको प्रचारप्रसार हुन समेत जाने हुन सक्छ। मन्दिरसम्बन्धी पुस्तक, बुकलेट, पत्रपत्रिका संकलन वितरण समेत गर्ने काम हुन सक्छ। यी आदि कार्यको लागि पनि रोजगारी दिनुपर्ने हुन सक्छ। यसरी मन्दिरको स्थापना तथा विकासबाट त्यस क्षेत्रमा मानिसहरूलाई विविध खाले रोजगारीहरू उपलब्ध हुनगई प्रत्यक्ष तथा परोक्ष फाइदहरू प्राप्त हुन जान्छन्।

च) भौगोलिक वातावरणको संरक्षण तथा सम्बर्धनः

मठमन्दिरहरू निर्माण भएका क्षेत्रमा विविध खाले घरहरू, पानी टंकी, शौचालय, बाटो, पर्खाल (फोटो ३५), कुवा, इनार, ढल, चौतारी एवं आश्रमहरूको स्थापना भई भौगोलिक हिसाबले त्यहाँको जग्गाको सुरक्षा, विकास, वृक्षारोपण, फलफूल, बगैंचा, छहारीयुक्त जग्गा तथा बाढी पहिरो जानबाट रोक्ने कार्यहरू हुन सक्छन्। भूक्षय हुन नदिनका लागि पानीको उचित निकास मिलाइएको हुन्छ। पहिरो जाने जग्गातिर बाँध, पर्खाल लगाउने, पाइप आदि विछ्याई सफा सुग्घर हुन गई जमिनको उचित संरक्षण तथा सम्बर्द्धन हुन गई त्यहाँको वातावरणमा अनुकूलता छाउने हुन जान्छ। भौगोलिक अनुकूलता छाएपछि जमिनको सही सदुपयोग र दीर्घकालीन रूपमा बचावट समेत हुन जान्छ।

छ) रमणीयताः

मन्दिर क्षेत्र वरिपरि विविध खाले विरूवाहरू रोपेर जमिन हराभरा हुनसक्छ। फूलैफूलले मगमग वासना आउने मनोरम प्राकृतिक स्थिति हुन जान्छ। मन्दिरको निर्माण कलात्मक हुनाले आकर्षक वातावरण बन्न सक्छ। विभिन्न प्रकारका बत्तीहरू बालेर साँझ बिहान सुन्दर सुगन्धित वातावरण हुन जान्छ। यहाँ विभिन्न खाले काष्ठकला, चँदुवा, गजुर, शंखघण्टको बाजा तथा धुन र विभिन्न फोहरा, धारा तथा पक्की वा बाटोमा ढुंगा (छपनी) छापेर बनाएको दृश्यले झनै सुन्दर छाएको छ। मन्दिर एकान्त स्थानमा निर्माण भएको हुनाले वनजंगल, ताल, चराचुरूङ्गी, बाँदर आदि पनि रमेको तथा तिनीहरूको चहल पहलले प्राकृतिक सुन्दरतालाई तथा प्राकृतिक दृश्यलाई झनै मनमोहक बनाएको छ। यस प्रकारसँग त्यस मन्दिर परिसरमा बसेर उच्च डाँडा, हिमाल, छहरा, विशाल होटेल (फोटो ३६), महल आदिको दृश्य देश्न पाइने हुनाले झनै रमणीयताको अनुभूति पाइन्छ।

ज) चेतनाको विकासः

मठमन्दिरमा विविध खाले मानिसहरू जाने हुनाले कसैमा सानोठूलोको भेदभाव हुँदैन, सबैमा माया, ममता, सहिष्णुता, सहयोगको भावना विकास हुन जान्छ। छुवाछुत, जातभातको वास्ता गरिँदैन र समाजमा समतामूलक चेतनाको विकास हुन जाने हुन्छ। यसरी टीकाटाला लगाई पूजाआजा गरी सबैले धर्म गर्न पाउने धार्मिक चेतनाको विकास भई सबैमा सहृदयता छाउने वातावरणको सृजना हुन जान्छ।

झ) धार्मिक भावनाको विकासः

मठमन्दिरको प्रवेशले मानवले शान्तिको (मानसिक वा आन्तरिक रूपमा) अनुभव गर्छ। क्षणिक या दीर्घकालीन रूपमा जे भए पनि जब मानवले मन्दिर परिसरमा पाइला टेक्दछ उस्को आत्मा शान्त हुन्छ वा शिर निहुरेको हुन्छ (धार्मिक आस्थाले)। मानिसको मनमा भएका नराम्रा धारणाहरूले ठाउँ पाउँदैनन् र मानिसमा "वसुधैव कुटुम्बकम्" को धारणा विकास हुन्छ। मानिस आध्यात्मिक बन्दछ। साथै ऊ धर्मको कारणले गर्दा नैतिकवान बन्दछ। सम्पूर्ण चराचर विश्वमा प्राणीमात्र एक हौं भन्ने धार्मिक भावनाको विकास हुन्छ। अरूको सहयोग गर्ने हितकारी जीवको रूपमा मानिसले आफूलाई अंगीकार गर्दछ। यस्ता खाले मठ, मन्दिर, गुम्बा, विहार, चैत्य, गुफाले मानवको हृदयमा घर बनाई मानव सदाचारी बन्न पुग्दछ। अभक्ष भोजन लिन कोशिस गर्दैन। आफ्नो घर आँगन वा वरपर छिमेकमा विभिन्न खाले धार्मिक प्रतिष्ठानहरूको विकास मानवले हेर्न र देख्न चाहन्छ र उसमा ज्ञानको तत्व बोध हुन जान्छ र धार्मिक भावनाको विकास हुन सक्छ। त्यस्तै भूमिका यस मन्दिरले पनि खेल्न सक्छ।

ञ) साँस्कृतिक सम्पदाको रूपमा मन्दिर क्षेत्रलाई विकास गर्न सकिनेः

प्रकृतिमा आफ से आफ बनेका पहाड, मैदान, भिर, पहरा, वनजंगल, गुफा, नदीनाला, तालतलैया, हिमाल, बगैंचा, समुन्द्र, चराचुरूङ्गी, जंगली जनावर जस्ता चीजबीजहरूलाई प्राकृतिक सम्पदामा राख्न सकिन्छ भने मानव निर्मित वस्तुहरू, मठ, मन्दिर, पाटीपौवा, दरबार, सत्तल, विहार, गुम्बा, कोट आदि साँस्कृतिक सम्पदामा राख्न सकिन्छ। यी वस्तुहरू देख्न, निरीक्षण गर्न मानिस लालायित हुन्छ। यी वस्तुहरू विभिन्न दृष्टिकोणबाट मानवले प्रयोग गरेको पाइन्छ। कुनै बौद्धिक विकासको लागि कुनै आर्थिक विकासको लागि, कुनै धार्मिक विकासको लागि त कुनै साँस्कृतिक विकासको लागि जुनसुकै

पनि धारणाबाट तिनीहरूको उचित प्रयोग तथा संरक्षण हुँदै आएको पाइन्छ । यसमा हामीले मठमन्दिरको कुरा गर्दा यी मठमन्दिरहरू साँस्कृतिक तथा धार्मिक निधिको रूपमा विकास गर्न सकिन्छ । यी सम्पदाहरू कुनै व्यक्ति वा संस्था वा एक क्षेत्र वा एक देशको मात्र नभई सम्पूर्ण विश्वको धनको वा निधिको रूपमा अस्तित्वमा रहेको मान्न सकिन्छ ।

यस्ता धार्मिक वा सांस्कृतिक सम्पदाहरूमा पशुपति क्षेत्र, स्वयंभू क्षेत्र, लुम्बिनी क्षेत्र आदि पर्दछन् । त्यस्तै प्रकारसँग पोखरा विन्ध्यवासिनी क्षेत्रको विकास त्यहाँको संरक्षण समितिले गरेको पाइन्छ भने त्यसरी नै यस केदारेश्वर महादेव मन्दिरको विकास तथा निर्माण यहाँको संरक्षण समितिले गर्दै आएको पाइन्छ । यसरी धार्मिक भावनाले ओतप्रोत भई यहाँका मठमन्दिर, कुवा, टंकी, धारा, सत्तल (पाटी) वा पौवा, स्वागत द्वार, पर्खाल, बाटो, बगैंचा आदिको निर्माण र विकासमा अहोरात खटेर जुन कार्य गरिएको छ त्यो एक प्रसंशनीय कार्य हो । यी निर्मित वस्तुहरूबाट धार्मिक तथा साँस्कृतिक वस्तुहरूको विकासमा टेवा पुगेको मानिन्छ । यसरी मठमन्दिरको विकास भनेको संस्कृति र संस्कारको विकास पनि हो । यी वस्तु वा संस्थालाई सधैंभरि अक्षुण राख्नको लागि हरेक व्यक्ति, समाज वा राष्ट्रको ठूलो हात हुने हुनाले यस क्षेत्रको विकासको लागि प्रसस्त सम्भावनाहरू देखिन्छन् । जसले गर्दा साँस्कृतिक सम्पदालाई मानवीय सम्पदाको रूपमा विकास गर्न सकिने हुन्छ । यस मन्दिरमा प्रत्येक दिन पुजारीबाट रूद्री पाठ गर्ने र शिवपाञ्चायन देवताको पूजाआजा गर्ने गरिन्छ । विशेष गरी प्रत्येक वर्ष श्रावण महिनामा श्रीमद् भागवतको २४ हजार श्लोक पाठ गरी सक्ने गरिन्छ । प्रत्येक श्रावण महिनाको सोमवारमा २०५९ वि.सं. बाट शिवलिङ्गमा दूध, पानी चढाउने भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । यहाँ तीजमा महिला दिदीबहिनीहरूको विशेष भेला भई तीज गीत प्रतियोगिता हुन्छ भने दशैंमा दशैं महोत्सव, महाशिवरात्रीमा विशेष गरेर महिलाहरू शिवलिङ्गमा दूध, पानी चढाउन विभिन्न फलफूल नैवेद्य भेटी सहित उपस्थित हुन्छन् तथा मेष सक्रान्तिमा पनि मेला लाग्ने गर्दछ । यहाँ विभिन्न जातिका भक्तजनहरू उपस्थित हुने गर्दछन् तापनि यस क्षेत्रमा बढी गरेर ब्राम्हण, क्षेत्री, गुरूङ, नेवारहरूको बढी वासस्थान भएकाले उनीहरू नै बढी उपस्थित भई विभिन्न कार्यक्रमहरूमा भूमिका निर्वाह गर्ने गरेको पाइन्छ । उक्त अवसरहरूमा महिला, पुरूषहरू भेला भई विभिन्न प्रकारका भजन किर्तनहरू गरी बहुतै रमाइलोका सथा मन्दिरमा रातदिन समेत बिताउने गर्दछन् । यसरी यस मन्दिरले संस्कृतिको जगेर्ना तथा विकासमा टेवा पुर्‍याएको छ ।

ट) पार्कको विकासः

मठमन्दिरहरू एउटा साँगुरो क्षेत्रमा भए भने त्यहाँ आउने पर्यटक तथा भक्तजनहरूलाई बस्नका लागि पाटीपौवा बनाउन कठिन हुन्छ। त्यसकारणले गर्दा मठमन्दिरहरू फराकिलो ठाउँमा बनाउनुपर्ने हुन्छ। यातायातको हिसाबले मठमन्दिरहरू सुगम हुनुपर्दछ। यदि सुगमता भयो भने पर्यटकहरू या श्रद्धालु भक्तजनहरूको आगमन प्रसस्त मात्रामा हुने हुन्छ। मानिसलाई यातायातको सुविधा भयो भने खान बस्नको लागि सजिलो पर्दछ। जान इच्छा हुँदाहुँदै पनि यातायातको असुविधाले गर्दा आफ्नो इच्छा पूरा गर्न सक्दैनन्। कुनै ठाउँमा घुम्न तथा मठमन्दिरमा बस्न, डुल्न, खान आदिको समेत व्यवस्था भएको खण्डमा त्यस्ता ठाउँमा भक्तजनहरूको घुइँचो लाग्दछ। त्यस्ता क्षेत्रहरूमा शान्त र शितल वातावरण हुनुपर्ने हुन्छ। मन्दिर क्षेत्र खुला हुनुपर्दछ। त्यस्ता क्षेत्रहरूमा बगैंचा हुनु राम्रो हुन्छ। विभिन्न प्रकारका रंगीबिरंगी फूलहरू मन्दिर क्षेत्रमा आवश्यक हुने भएकाले पनि फूलवारी हुनुपर्दछ। साथै विभिन्न प्रकारका बोट विरवाहरू रोपण गर्ने स्थान नभइनहुने हुन्छ। बोट विरूवाको छहारीयुक्त, फलफूलयुक्त स्थल हुनु राम्रो हुन्छ। विशाल पार्क भएमा त्यहाँ पर्यटक वा भक्तजनहरू जहाँ इच्छा लाग्यो त्यहाँ एकान्त वा साथमा बस्न मिल्ने गरी आरामदायी वेन्चको निर्माण गर्न सकिन्छ। यदि पार्क भएमा विवाह, व्रतबन्ध, पिकनिक, कुनै प्रकारका भोजभतेर हुँदा रकम संकलन गरी पार्क उपभोग गर्न दिने गर्न सकिन्छ। यस प्रकारको व्यवस्था केदारेश्वर महादेव मन्दिरमा रहेको छ। कुनै प्रकारको विवाह भएमा रू.२५००।, व्रतबन्ध भएमा रू.५००। मा मितेरी पार्क उपलब्ध गराइएको छ। मितेरी पार्कले सो रकम मन्दिरलाई उपयोग गर्न दिएको छ। मितेरी पार्कको भूमिमा मन्दिरको दक्षिणपूर्वपट्टिको जग्गा केही बढाउने र उत्तरपूर्व र उत्तरपश्चिमको जग्गा पनि बृद्धि गर्नका लागि सहमति भएको जानकारी केदारेश्वर महादेव मन्दिर संरक्षण समितिका सचिव दयाराम पोखेलज्यूले दिनुभएको छ। मन्दिर परिसरलाई ४ रोपनीबाट दक्षिणपूर्वमा ७ रोपनी र २९ रोपनी उत्तरपश्चिम र उत्तरपूर्वपट्टि बृद्धि गर्न दिनको लागि सहमति जनाइएको कुरा निजबाट जानकारी हुन आएको छ। यसो भए मन्दिर परिसर ४० रोपनीको सम्भावना छ। तर हाल मन्दिरको परिसरको ४ रोपनी जग्गा पनि मितेरी पार्कको नाउँमा र नेपाल सरकार, पोखरा उपमहानगरपालिकाको नाउँमा रही आएको छ। हुन पनि उक्त मन्दिर परिसरको बृद्धि गरी मन्दिरकै नाउँमा जग्गा नामसारी गरिनुपर्ने नै देखिन्छ। यस प्रकारसँग मन्दिर विकासको लागि पार्कको विकास हुन जरूरी हुन्छ। यस मितेरी पार्कले गर्दा मन्दिर विकासमा ठूलो सहयोग भएको पाइन्छ।

ठ) शान्तिः

यस केदारेश्वर महादेव मन्दिरको वातावरण शान्तिपूर्ण छ। मितेरी पार्कको भित्रपट्टि मूल स्वागत द्वारबाट पश्चिममा एल. आकारको बाटोबाट मन्दिर परिसरमा पुग्न सकिन्छ। यो फेवातालको किनारैमा रहेको हुनाले निकै शान्त स्थानमा रहेको छ। जसले गर्दा दर्शनार्थीहरू लोभिएर यहाँ आउने गर्दछन्।

ड) अनुशासनः

मन्दिरको वातावरणले गर्दा मानिसहरू शान्त रहन्छन्। किनकि मानव धार्मिक र नैतिकवान प्राणी भएको हुनाले अरूको शान्तिमा खलल पर्न नदिनु उसको कर्तव्य हुन्छ। कर्तव्यको बोध त्यसैबेला हुन्छ, जसवेला मानव अनुशासित बन्दछ। त्यसकारणले त्यस मन्दिर परिसरमा प्रवेश गर्ने सम्पूर्ण दर्शनार्थीहरू अनुशासित बन्दछन् तथा अनुशासित हुने वातावरण त्यहाँ सृजना हुन्छ।

ढ) कलाकौशलः

यस मन्दिर क्षेत्रमा निर्मित मन्दिरहरूमा कुँदिएका बुट्टाहरू, निर्माणमा प्रयोग गरिएका विविध शैलीहरू र सीपले यस क्षेत्रका कलाकृतिका विषयमा लिच्छवीकालीन कलाको झल्को मिल्छ। मन्दिरहरूका भित्तामा विभिन्न चित्रहरू कोरिएका छन्। होमन (चतुर) शालाको होम स्थलको आकृति विशिष्ट छ र ढलान गरिएका मन्दिरहरूका पालिमा झिंगटीको छाना बनाइएको छ। घण्टाहरूको निर्माण, द्वारमा गजुर निर्माण तथा पञ्चधाराहरूमा धाराको आकृति, सत्तल (व्यास मन्दिर) को खम्बा तथा दलिनहरूको आकृति, कराङ्गेको आकृति, बाटोमा (मन्दिर परिसरको) छापिएका ढुंगा, मन्दिरमा प्रयोग गरिएका इट्टाहरू, मन्दिर परिसरमा पस्ने बाटोका छापिएका छपनी ढुंगाको बनौट तथा बाटोका विभिन्न साइजमा बनेका कलात्मक आकृति, मितेरी पार्कको बिचमा बनेको बाटोको पोखरीमा फोहरा तथा पर्खालमा लगाइएको फलामे रेलिङ्ग, मन्दिरको भित्तामा र पालिमा अडेस लगाइएका विभिन्न चित्र कुँदिएका बुर्जाहरू हेर्दा कलाकौशलले भरपुर रहेको पाइन्छ। यसरी कलाले सजिएर भोलिको पिंढीलाई कलाकारिताको परिचय दिन ठूलो सहयोग पुर्‍याएको छ।

ण) ऐतिहासिक कृतिहरूः

यस केदारेश्वर महादेव मन्दिरमा निर्माण गरिएका विभिन्न मठमन्दिरहरू प्राचीन ऐतिहासिक जस्ता रूपमा निर्माण गरिएकाछन् । यिनीहरूको निर्माणका लागि यस मन्दिर संरक्षण समितिले विभिन्न व्यक्ति, समूह वा संस्थाबाट सहयोग जुटाएर जुन कार्य गरेको छ, त्यसले भविष्यसम्म जीवन्तता प्रदान गर्ने देखिन्छ । यी कार्यबाट भावी पिंडीलाई समेत सामाजिकीकरणको अवधारणा सञ्चार गर्न सक्ने देखिन्छ । सबै व्यक्ति वा समूह मिलेर जस्तो सुकै कार्य पनि गर्न सकिन्छ भन्ने बोध यसले गराउँछ । यस मन्दिरको निर्माणमा चन्दादाताहरूले गरेका कार्यहरू र यहाँ बनाइएका विधानहरूले विविध खाले कृति राख्ने कार्यहरू भएको मान्न सकिन्छ । यहाँ आउने पर्यटक तथा दर्शनार्थीहरूले यहाँ निर्माण भएका कृतिहरूको खुला दिलले प्रसंशा गरेको पाइन्छ । साथै परापूर्वकालदेखिका र ऐतिहासिक देवी देवताका तस्वीरहरूको समेत निर्माणले चारैतिर राम्रो छाप पारेको पाइन्छ ।

त) वस्ती विकासः

केदारेश्वर महादेव मन्दिर क्षेत्रको वरिपरि विभिन्न खाले होटल, महल, वा घरहरू निर्माण भएका छन् । यस मन्दिरको आकर्षणले मानिसहरूको आवागमन बढी मात्रामा हुँदा ती ठाउँहरूमा मानिसहरू बास बस्ने, लत्ताकपडा, अन्य वस्तुहरू धुप, बत्ती, अक्षता, दुना, टपरी खरिद गर्ने, विवाह, ब्रतबन्ध, भोजभतेर वा पिकनिक आदि क्रियाकलाप हुँदा भाँडावर्तन आवश्यक हुन गई त्यस्ता चिजहरूको व्यापार समेत भएर आर्थिक लाभ सम्बद्ध पक्षलाई हुन जान्छ । यसरी मठमन्दिर क्षेत्रको नजिक फोटो खिच्न रिल, क्यामरा बिक्री पनि हुन सक्छ । फोटो व्यवसायीले काम समेत पाउन सक्दछन् र यस्ता ठाउँहरूको नजिक मानिसहरू बढी बसोबास गर्ने भई वस्ती विकास हुन जान्छ । साथै रोजगारी समेत मिल्न सक्ने हुनाले पनि मानिसहरू नजिकनजिक झुम्मिन पुग्दछन् र बसोबासमा बृद्धि हुन्छ ।

थ) धार्मिक सहिष्णुताः

मठमन्दिरहरूमा विभिन्न जातका मानिसहरू आगमन हुने हुनाले धर्म कार्यमा कसैले अवरोध खडा गर्दैनन् । के हिन्दू, के वौद्ध सबै धार्मिक धारणा भएका मानिस एक आपसमा धर्मका नाममा खिचातानी नगरी मिलेर श्रद्धा भक्ति देखाउने गर्दछन् । मन्दिर संरक्षण समिति यदि हामीले हेर्यौं भने गुरूङ, बाहुन, क्षेत्री, नेवार आदि जातिका मानिसहरू त्यसमा सदस्य रहेकाछन् । कुन धर्म कस्ले मान्ने भन्ने कुनै प्रकारको सीमा छैन । यसले गर्दा यस मन्दिरले

धार्मिक सहिष्णुताको पाठ पढाएको छ । शिवजीको मन्दिरमा दूध, पानी चढाउन के मधेश, के तराई, के पहाड, के पर्वत हरेक स्थानका श्रद्धालु भक्तजनहरू आउने गर्दछन् । बोलबम कार्यक्रममा पनि सोही अनुसार दूध, पानी चढाउन मानिसहरूको घुँइचो लागेको हुन्छ । विभिन्न चाड पर्व, महोत्सव आदिमा प्रतियोगितात्मक कार्यहरूमा सबैले श्रद्धाले भाग लिएको पाइन्छ । यसरी हरेक व्यक्तिमा धार्मिक समानता र सहिष्णुता या एकको धर्म या मठमन्दिरलाई अर्कोले मान्ने परम्परा चालचलन चलिआएको देखिन्छ । यही चालचलनलाई नै धार्मिक सहिष्णुता भनिन्छ । त्यसकारण धर्मका नाममा हुने कुनै पनि प्रकारको अमेल, झैंझगडा नेपाली मात्रमा भएको पाइदैन । यसरी मठमन्दिरहरू समाजलाई परस्पर मेल बनाउने, आपसी भाइचारा बढाउने भएका छन् भन्न सकिन्छ ।

द) जीवन पद्धतीमा सुधारः

धर्म एक प्रकारको संस्कार हो । मन्दिरमा आउने पर्यटक तथा श्रद्धालु भक्तजनहरू पनि यस्तै संस्कारबाट अभिप्रेरित भएका हुन्छन् । त्यसकारणले गर्दा उनीहरूको आचरण पनि धार्मिक तथा शुद्ध हुन्छ । यिनीहरू कुनै प्रकारको रिसरागबाट बन्चित रहेका हुन्छन् । यिनीहरू अरूप्रति दयावान र समर्पित हुनुका साथै आफ्नो कार्यमा अगाडि बढ्नका लागि कसैलाई हानि पुऱ्याउने कार्यमा संलग्न पनि हुँदैनन् । त्यसले गर्दा मन्दिर वरिपरि अवस्थित मानिसहरूको मनमा पनि त्यस्तै प्रकारको प्रभाव पर्दछ । धार्मिक मानिसहरू अनुशासित र मर्यादित हुन्छन् । जसले गर्दा तिनीहरूको प्रभाव समाजमा पनि सोही मुताविकको हुन जान्छ । उनीहरूको धारणा “सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामय सर्वे, भद्राणी पश्यन्तु मा कश्विद् दुःख भाग् भवेत्” सोच अनुसारको रहेको हुन्छ । जसले गर्दा आफ्नो लगायत त्यस क्षेत्रमा रहने व्यक्ति तथा समुदायको जीवनमा राम्रो सुधार आउँन मद्दत पुर्‍याउँछ ।

ध) प्रदूषणरहित वातावरणः

